
लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

## पराजुलीको कांग्रेस प्रवेशले उत्साह



हेटौंडा/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा पहिरो जाने क्रम बढेको छ। रास्वपामा पहिलेका नेता कार्यकर्ताहरुले उक्त पार्टी छोड्ने क्रम बढेको हो। यस क्रममा मकवानपुरका सभापति भरत पराजुलीले पार्टी परित्याग गर्नु भएको छ।

३० वर्षे राजनीतिक जीवन व्यतित गर्नु भएका पराजुली पुरानै घर नेपाली कांग्रेसमा फर्किनु भएको छ।पराजुलीलाई कांग्रेसका सभापति गगनकुमार थापाले सर्लाहीमा कांग्रेसमाहालै प्रवेश गराउनु भएको हो।कांग्रेस सभापति थापासँगको भेटपछि पराजुलीले 'समय क्रममा पार्टीभित्र देखिएका प्रवृत्तिहरूले मलाई गम्भीर रूपमा सोच्न बाध्य बनायो। हामीले जुन उद्देश्य, मूल्य र आदर्शका साथ पार्टीलाई बुझेका थियौं, व्यवहारमा त्यसको बाँकी ७ पृष्ठमा

वर्ष १९, अंक ३०, २०८२ फागुन १५ गते शुक्रबार (Feb. 27, 2026) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रु.१०।- (संस्थागत रु.१५।-) website: www.nayabimarsha.com

# अग्निपरीक्षामा राजनीतिक दलहरु

## ओली क्षेत्रमा सीमित

## कांग्रेस-रास्वपामा उत्साह

**भक्तपुर/ यही फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभाको निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको छ। विभिन्न राजनीतिक दलहरुबाट उम्मेदवार बनेका तथा स्वतन्त्र उम्मेदवारहरु आफ्नो राजनीतिक भविष्यको लागि अग्निपरीक्षामा रहेका छन्। राजनीतिक दलहरुले नचाहिरहेको अवस्थामा यो निर्वाचन हुन गैरहेको विश्लेषण हुँदै आएको छ। हरेक पाँच-पाँच वर्षमा आवधिक निर्वाचन हुनुपर्ने संवैधानिक व्यवस्था छ। यस क्रममा नेकपा (एमाले) का अध्यक्ष खड्गप्रसाद शर्मा ओली प्रधानमन्त्री रहेका बेलामा दुई दुई पटक प्रतिनिधिसभा विघटन गर्नु भएको थियो। त्यो बेला प्रतिनिधिसभालाई अन्तिम विकल्प रहेसम्म विघटन गर्न नपाइने संवैधानिक व्यवस्था रहेको भनी सर्वोच्च अदालतले व्याख्या गरेको थियो। सोही कारण प्रतिनिधिसभा ती समयमा पुनर्स्थापित भएका थिए। त्यसैले पनि आगामी २०८४ सालमा हुनुपर्ने प्रतिनिधिसभाको निर्वाचन दुई वर्षअघि नै हुन गएकोमा नेपाली कांग्रेस, नेकपा (एमाले) लगायतका दलहरुले भित्री रुपमा चाहेका होइनन्।**



मुख्य राजनीतिक दलहरु निर्वाचनको पक्षमा नखुलेको अवस्थामा पनि गत भदौ २३ र २४ गते भएका विद्रोहले अहिलेको अवस्थामा निर्वाचन गरिनुपर्ने अवस्था आएको हो। ती दिन नवयुवा (जेन-जी) का नाममा भएका विद्रोहले देशको राजनीतिलाई नै अर्को अवस्थामा परिवर्तित गरिदियो। तात्कालिन प्रधानमन्त्री ओलीसहितका राजनीतिक दलका नेताहरुले नेपाली सेनाको सहयोगमा भागेर ज्यान जोगाउनु परेको थियो।

त्यहि विद्रोहका कारण भदौ २७ गते सुशीला कार्कीको नेतृत्वमा वर्तमान सरकार गठन भएको थियो। यो सरकार गठनसँगै प्रतिनिधिसभा विघटन गरिएको थियो। प्रतिनिधिसभाको रिक्तता बढीमा ६ महिनासम्मको मात्र हुने संवैधानिक व्यवस्था अनुसार यही फागुन २१ गतेका लागि यो निर्वाचनको मिति तय गरिएको हो।

मुख्य दलहरुले नचाहेको अवस्थामा पनि परिवर्तित स्थितिमा दलहरु निर्वाचनमा होमिने निर्णयमा पुगेका हुन्। यही २१ गते हुने निर्वाचनको लागि सबैजसो प्रमुख दलहरुले उम्मेदवारी दिएर प्रचार प्रसारमा रहेको अवस्था छ। खासगरी यो निर्वाचनको लागि भनी पुराना दलहरु तथा नयाँ दर्ता भएका दलहरु पनि आफ्नो राजनीतिक अजेण्डासहित आएका छन्।

यसैगरी कतिपय निर्वाचन क्षेत्रमा स्वतन्त्र उम्मेदवारहरुले पनि आफ्नो भाग्यको परीक्षण गरिरहेका बताइएको छ। यसैगरी निर्वाचनमा उम्मेदवार बन्नका लागि एक दलबाट अर्को दलमा प्रवेश गर्नेहरुको लहर नै चलेको थियो। यसअघि २०७९ निर्वाचनमा उम्मेदवार बनेका कतिपय उम्मेदवारहरु यस पटक अर्को दलबाट उम्मेदवार बनेको अवस्था छ।

यसरी निर्वाचनको मिति नजिकिएसँगै सरकार निर्वाचनलाई सहज रुपमा गराउने उपायहरुका बारेमा लागि रहेको बताइएको छ। सरकार संचालनमा सहज होस् भनी बनाइएका मन्त्रीहरुमध्ये चारजना राजीनामा गरी उम्मेदवार बनेको अवस्थामा प्रधानमन्त्री सुशीला कार्की यो निर्वाचन सफल बनाएर विश्राम लिने पक्षमा रहनु भएको बताइएको छ। यसका लागि निर्वाचित सरकार बनाएर आफ्नो जिम्मेदारी फत्ते गर्ने सोचका साथ कार्कीले प्रयास गरिरहेको बताइएको छ।

यसरी उम्मेदवारहरु सक्रिय रुपमा लागि रहेको स्थितिमा पनि नेकपा (एमाले) मा भने खासै उत्साह नदेखिएको भनी टिप्पणी भैरहेको छ। भदौ २३ र २४ गतेको विद्रोहका बेला प्रधानमन्त्री रहनु भएका एमालेका अध्यक्ष खड्गप्रसाद शर्मा ओलीप्रतिको आक्रोश अझै पनि शान्त नभएकाले त्यस्तो अवस्था आएको राजनीतिक विश्लेषक रामेश्वर ढकालको बाँकी ७ पृष्ठमा

## पोखरामा कांग्रेसको गर्जन आज

ललितपुर/निर्वाचनको मिति नजिकिएसँगै नेपाली कांग्रेसले प्रदेशस्तरिय ठूला चुनावी सभालाई प्राथमिकतामा राखेको छ। यस क्रममा आज शुक्रबार पोखरामा चुनावी सभा हुने भएको छ। उक्त सभा गण्डकी प्रदेशस्तरिय हुने भएकाले त्यसको तयारीमा कांग्रेस जुटिसकेको कांग्रेसका प्रवक्ता देवराज चालिसेले जानकारी गराउनु भयो।

यसअघि विहीबार सुर्खेत, बाँके र रुपन्देहीमा विशाल चुनावी सभाहरु भएका थिए। ती चुनावी सभामा कांग्रेसका सभापति गगन थापा तथा निर्वाचन परिचालन समितिका संयोजक रहनु भएका उपसभापति विश्वप्रकाश शर्मा तथा उपसभापति पुष्पा भुसाललगायतले सम्बोधन गर्नु भएको थियो।

यसअघि फागुन ६ गते जनकपुरको तिरहुतियामा पहिलो चुनावी सभा गरेर चुनावी प्रतिज्ञापत्रका 'भिजन-१०' सार्वजनिक गरेको थियो। मधेश प्रदेशका अतिरिक्त गण्डकी प्रदेशमा समेत यो चुनावी सभा भएसँगै काठमाडौंमा बागमती प्रदेशस्तरित चुनावी सभा फागुन १७ गते तयारीमा कांग्रेस जुटेको छ।

## कांग्रेस महामन्त्री पौडेल घरदैलोमा व्यस्त



काठमाडौं/ नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेल काठमाडौं क्षेत्र नं.५ को निर्वाचनको प्रचार प्रसारमा केन्द्रित हुनु भएको छ। सोही क्षेत्रबाट प्रतिनिधिसभाका सदस्यका उम्मेदवार पौडेल आफ्नो जित दोहोऱ्याउनका लागि भनी घरदैलौ कार्यक्रममा व्यस्त रहेको बताइएको छ। यसअघिको निर्वाचनमा सोही क्षेत्रबाट राम्रो मतान्तरले विजयी पौडेल यस पटक पनि जित निकाल्न कम्मर कसेर लाग्नु भएको बताइएको छ।

यस क्रममा बुधबार उहाँले बुढानीलकण्ठ नगरपालिका ६ का भद्रकाली, खड्का टोल, इटालीटार, खड्का गाउँ, न्यू कोलोनी, गणेश चोक लगायतका ठाउँमा घरदैलो गर्नु भएको थियो।यसैगरी बुढानीलकण्ठ ४ का शिव मन्दिर, सुनाखरी टोल, चपली कार्की गाउँ लगायतका ठाउँमा घरदैलो भएको पनि जनाइएको छ। पौडेलले विगतमा इमान्दारिताका साथ क्षेत्र र राष्ट्रिय मुद्दाहरुमा सक्रियतापूर्वक काम गरेको भन्दै अलपत्र रिङरोडको कामलाई गति दिन, मेलम्ची खानेपानीको सुधार तथा विस्तार, विष्णुमति करिडोर लगायतका काम क्षेत्रमा अघि बढेको र सांसद तथा मन्त्रीका रुपमा स्वास्थ्य सुधारमा काम गरेको बताउने गर्नु भएको छ। बाँकी ७ पृष्ठमा

## विलासित बस्तुमा लगानीले अर्थतन्त्र धरापमा !

रुषा थापा

भक्तपुर/ बैंक, वित्तीय संस्था, हाइड्रोपावर, बीमालगायत कम्पनीले एक सय रुपियाँ प्रतिकित्तामा शेयर निस्कासन गर्छन्। केही वर्षअघि त्यही शेयर प्रतिकित्ता ३२ सयसम्ममा बेचबिखन भयो। दलालहरुले बढाएको कृत्रिम मूल्यमा सर्वसाधारणले शेयर किने। अहिले त्यही शेयर २५ सयमा झपरिसकेको छ। पछिल्लो समय शेयरको मूल्य दिनानुदिन घटिरहेको छ।

शेयरमा करोडौं सर्वसाधारणले लगानी गरेका छन्। एउटै व्यक्तिले ५० हजारदेखि अर्बौं रकम शेयरमा लगानी गरेको पाइन्छ। दुर्भाग्य, दलालीको लहैलहैमा लागेर उनीहरु नराम्ररी डुबेका छन्। एकातिर शेयरको मूल्य घट्दो छ, अर्कोतिर किनबेच ठप्प। घरजग्गा, गाडी र सुनमा पनि उस्तै छ। रोपनीको दश हजारमा नबिक्ने खेतीयोग्य जमिन भूमाफियाहरुले प्लटिङ अर्थात् टुक्राटुक्रा पारेर आनाकै २५ लाखदेखि करोडौंमा बेचे।

छिमेक भारत र चीनबाट ५० हजारदेखि पाँच लाखमा ल्याइएको सवारीसाधन अटो शोरुमहरुले डेढ लाखदेखि करोडौंमा बेचे। गाडीमा प्रयोग भएका सामान दुई रुपियाँ किलोमा समेत कवाडी लग्दैन। फलाम, प्लास्टिक, रबर, सीसा, फर्म, कपडालगायतबाट गाडी बन्छ। यो कवाडीले सित्तैमा लैजान पनि मान्दैन।

सुन वि.सं. २०२२ सालसम्म प्रतितोला ८० रुपियाँ थियो। चाँदी त सित्तैमा पनि कसैले लग्दैन थिए भन्नेहरु अझै भेटिन्छन्। केही महिनाअघि त्यही सुन तीन लाख ३९ हजार तीन सय रुपियाँ पुग्यो। बनाउने ज्यालासहित तीन लाख ८० हजार। चाँदी ज्यालासहित दश हजार पुग्यो। सुन धातु हो। यी विलासिताकाबस्तु हुन्।

अनि यस्तो बस्तुमा आँखा चिम्लेर लाखदेखि करोडौं लगानी गर्दा आज धेरै सर्वसाधारण चुलुम्म भएका छन् किनकि सुनको मूल्य बढेपनि किन्ने कोही छैनन्। सुन व्यापारीहरु सुन बेच्नमात्र आएपछि पसल बन्द गरेर बसेका छन्। अनि मूल्य करोडमै पुगेपनि किन्ने कोही नभए पनि के महत्व ? रोचक कुरा चाहिँ के हो भन्दा घरजग्गा, गाडी, शेयर र सुनमा लगानी गर्ने अधिकांश शिक्षित वर्ग छन्। बाँकी ७ पृष्ठमा

## छानविन आयोगको प्रतिवेदन किन आएन ?



प्रसङ्गवश
कौशल कुमार भट्टराई

गत भदौ २३ र २४ गते भएको नवयुवा (जेन-जी) को आन्दोलनको क्रममा भएका घटनाहरूको छानविन गर्न बनेको न्यायिक जाँच आयोगको प्रतिवेदन किन आएन भनी प्रश्न उठ्न थालेको छ। शुरुमा तीन महिनाका लागि भनी गठित आयोगको म्याद लम्ब्याएर वर्तमान सरकार रहँदासम्म नै पुग्ने गरी थपिएको छ। तीन महिनामा आफ्नो प्रतिवेदन ल्याउन नै उक्त समितिलाई समय पर्याप्त भएको मानिएको थियो। त्यसबीचमा उक्त आन्दोलन भएको समयमा प्रधानमन्त्री रहनु भएका खड्गप्रसाद शर्मा ओलीले बयान नदिने भनी अडान लिएको अवस्था थियो। यसैगरी विभिन्न व्यक्तिहरुको बयान लिने कार्यका कारण समय अपुग भएको अवस्था देखिएको थियो। यस्तो अवस्थामा केही हप्ता थपिएको भनिएको समयमा पनि आयोगले काम पूरा नगरेको भन्यो। त्यसपछि पटक पटक समय थप गर्ने कार्य हुँदै आएको छ।

आयोगमा दुई सदस्य पूर्व अतिरिक्त प्रहरी महानिरीक्षक विज्ञानराज शर्मा र कानूनविद् विश्वेश्वरप्रसाद भण्डारी समेत रहेको अवस्था छ। उहाँहरुको अनुभवले गर्दा पनि आयोगले गति लिने विश्वास गरिएको थियो। वर्तमान सरकारले निर्वाचन गराउने भनिएको दिन अर्थात यही फागुन २१ गते अगावै प्रतिवेदन सरकारलाई हस्तान्तरण हुने र सरकारले त्यसलाई सार्वजनिक गर्ने आम रुपमा बुझिएको थियो।

आम बुझाई विपरित आयोगको म्याद थप्ने कार्य सरकारले गरिरह्यो। त्यसबीचमा आयोगले आवश्यक सबैजनाको बयान लिने कार्य गरिसकेको थियो। यसैगरी आवश्यक फुटेल, भिडियो आदि पनि संकलन भैसकेको बताइएको थियो। त्यसैले निर्वाचनको चुनावी प्रक्रियाअघि नै प्रतिवेदन आउने अपेक्षा गरिएको थियो।

निर्वाचनको प्रक्रियाअघि नै यो आयोगको प्रतिवेदन सार्वजनिक गरिनुपर्ने आम बुझाइ थियो। त्यसो हुनुमा आयोगले सप्रमाण दोषी देखाएका व्यक्तिहरुमाथि कानूनी कारबाही गर्न मिल्ने थियो। त्यसमा दोषी देखिएकाहरुलाई यो निर्वाचनमा उम्मेदवार बन्नबाट वंचित पनि गर्न सकिने अवस्था थियो। त्यसो हुँदा धेरै व्यक्तिहरु उम्मेदवार बन्नबाट वंचित हुने अवस्था आउन सक्थ्यो। बाँकी ७ पृष्ठमा



लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# मेरो एक किताबप्रेमी साथी



जयदेव गौतम

किताबहरू मेरा सच्चा दौँतरी हुन्, असल साथी हुन्, उम्दा मित्र हुन्, बेस सँगाती हुन्, र अझ राम्रा त सहचर, मीत, यार, बन्धु, दोस्त, दमाली, सहयात्री, सहदर्शी र सखा सबैसबै हुन्। यिनले मलाई कहिल्यै छल्दैनन्, मप्रति कहिल्यै विश्वासघात गर्दैनन्, र सबभन्दा ठूलो कुरा त मलाई कहिल्यै एक्लो हुन दिँदैनन्। आफ्नाहरूले छोड्लान्, सँग-साथी र परिचितहरूले छोड्लान तर, अहँ, किताबहरूले कहिल्यै छोड्दैनन्। अझ किताबहरूले कथंकदाचित् छोडी नै हाले भने पनि तिनले दिने सन्देश, शिक्षा र ज्ञानले त कदापि छोड्दैन। यसो हुँदा म किताब र किताब पढ्ने भाव सोचेर सधैँ अभिभूत हुन्छु, द्रवीभूत हुन्छु।

मलाई किताबको औधी माया लाग्छ किनभने यिनै किताबले नै त विभिन्न समाज, संस्कृति र पुस्ताहरूबीच अक्षत ज्ञान, सूचना, कथा, मनोरञ्जन र शिक्षा निरन्तर साझा गरिरहेका हुन्छन्। संसारका जुन कुनै भाषाहरूमा उपलब्ध भए पनि यी किताब नै त समान किसिमले शिक्षा, ज्ञान एवं मनोरञ्जनका अमूल्य अनि अजस्र श्रोत हुन्। यसर्थ पनि, समय र जीवनको सबैभन्दा उत्तम लगानी भनेको किताबहरू पढ्ने र अथक् पढ्ने बानी बसाल्नु हो।

किताब पढ्नु र किताबहरू निरन्तर पढ्दै जानु भनेको क्रमशः निजी परिपक्वता हासिल गर्नु हो। पढाइले मेरो ज्ञानचक्षु उघार्ने मात्र होइन, जीवनलाई बुझ्ने र आइपर्ने सबै परिस्थितिहरूविरुद्ध जुझ्न पनि सहयोग गर्दछ। अझ, अरूहरूलाई बुझ्न पनि त्यत्तिकै सघाउँछ। पढ्नु भनेको त मानसिक स्वास्थ्य र जीवन-कल्याणको महान श्रोत पो हो।

कतै पढेको सम्झन्छु, पढ्नु भनेको सत्य-तथ्यबारे जान्ने वा सिक्ने होइन बरु नयाँ सोच विचार गर्नका लागि तालीम पो हो। अझ, अमेरिकी उपन्यासकार मार्क ट्वेनले त भनेकै छन्, "नपढ्ने मान्छेले पढ्नै नजानेको मान्छेभन्दा केही पनि थप फाइदा पाउन सक्दैन।"

म किन पढ्ने गर्छु ? किनभने म कहिले आफैँबाट दिक्किएर वा उदेकिएर कतै भाग्ने ठाउँ खोज्दा किताबको शरणमा पुगेको हुन्छु, त कहिले प्रेम, वात्सल्य र सहानुभूति खोज्न किताबको पाना फर्काउन पुगेको हुन्छु। किताब पढ्दै गर्दा कहिले म रोइरहेको हुन्छु, कहिले मुसुमुसु हाँसिरहेको हुन्छु त कहिले अट्टहास नै गरिरहेको हुन्छु। कहिले जाडो, घाम र पानी छल्न घर वा घरबाहिर कतै किताबसँग मितेरी लाइरहेको हुन्छु त कहिले केही नयाँ पकवान पकाउने तरीका जान्न-सिक्न किताबसँग द्वन्द्व गरिरहेको हुन्छु। कहिले आत्मोत्थान वा सेल्फ-हेल्प किताबहरूमा प्रेरणा र जाँगर खोजिरहेको हुन्छु।

किताबले मलाई नयाँ-नयाँ ठाउँ पुऱ्याइरहेको हुन्छ, नयाँ-नयाँ समाज र संसार देखाइरहेको हुन्छ, नयाँ-नयाँ शब्द सिकाउँदै नौला-नौला विचारहरू दिइरहेको हुन्छ, कहिले इतिहास-वर्तमान-भविष्य घुमाउँदै ज्ञान-विज्ञानको रोमाञ्चक जगतमा विचरण गराउँछ, त कहिले भूत-प्रेतका रहस्य-रोमाञ्च अनि सामान्यदेखि भयानक अपराधका जगरका रौं ठड्याउने किस्सा सुनाउँछ। यसरी अगाडि बढ्दै जाँदा पढ्ने बानीले मलाई साँचो अर्थमा मान्छे बनाउँछ, र, मानिस हुनुको बोध गराउँछ।

म यिनलाई किताब भनूँ वा पुस्तक, ग्रन्थ भनूँ वा ठेली, पोथ्रापोथ्री भनूँ वा बही, हस्तलिपि या पाण्डुलिपि भनूँ वा ऋचा-सङ्ग्रह, मैले जे जे भने पनि किताब भनेका त किताब नै हुन्।

सानोमा लघुत्तम जल-बिन्दुदेखि ठूलोमा आकाशको अनन्ततासम्म जुनसुकै विषयमा पनि किताब लेखिएका छन्, र उपलब्ध पनि छन्, केवल तिनलाई पढ्ने क्षमता, प्रेरणा, धैर्य, रुचि र जुनूनको मात्र आवश्यकता हो।

पठन अथवा अध्ययन त मानिसका सबैभन्दा असल रुचि वा 'हबी' मध्येको एक हो। तसर्थ पनि धेरै थरी किताबको गम्भीर पठनले हाम्रो सोचाइ मात्र होइन जीवन नै पनि पूर्ण सकारात्मक ढङ्गले (अपवादस्वरूप यदाकदा नकारात्मक नै ढङ्गले पनि !) बदल्न सक्दछ।

शिक्षित समाजमा किताब पढ्नु मानौं समाजकै एक महत्वपूर्ण हिस्सा हो, मानौं एक अविभाज्य एवं अत्यन्त ठूलो भाग हो। यही कारण हो, प्रायः विकसित मुलुकहरूमा रेल-बस-विमानहरूमा यात्रा गर्दा होस् वा भोजन-गृह या चमेना-गृह (कफी हाउस) मा अथवा बगैंचा (पार्क) मा बस्दा होस्, त्यहाँ मानिसहरू अक्सर किताब पढ्दै गरेका देखिन्छन्। किताब समाएरै बसेका भेटिन्छन्।

जानिफकारहरू भन्छन्, "मान्छेको बौद्धिक विकास जन्मसँगै शुरू हुन्छ र एकै पटक मृत्युमा पुगेपछि मात्र टुङ्गिन्छ।" तर यो बौद्धिक विकास अथवा बौद्धिक क्षमता वृद्धि अरूलाई देखेर, सुनेर वा बोलेर मात्र हुँदैन। त्यसका लागि त पढ्नु पर्छ, किताबको अँगालोभित्र हराउनु पर्छ, किनभने आजको पढाइ भनेको भविष्यका लागि प्रवेश-पत्र हो, भोलिका लागि आज हुने या गरिने तयारी हो। र, त्यही भोलिले भन्छ- बौद्धिक भइसकेको व्यक्ति वा बुद्धिमान मनुष्यलाई कहिल्यै पनि सबै कुरा थाहा हुँदैन, उसले त्यस्तो भन्दैन पनि। तर मूर्खलाई भने सधैँ सबै कुरा थाहा हुन्छ, उसले त्यस्तै अभिव्यक्त गरिरहन्छ पनि।

यस कारण पनि बुद्धि भएकाहरू किताब पढ्छन्, त्यसबाट सिक्छन् र सिकीरहन्छन, अनि अन्ततः आफ्नो सफलताको बाटो आफैँले पहिल्याउँछन्।

मेरा एक जना किताबप्रेमी साथी छन्। उनी किताब किनेर पनि पढ्छन्, सापटी मागेर पनि, र पुस्तकालयबाट लगेर पनि। उनलाई पढ्नमा जति रुचि छ, त्यसभन्दा बढी त घरमा जाँदा त्यहाँ किताब च्यातिएको देखेमा मेरा ती किताबप्रेमी साथी सोझै झगडा नै गरी हाल्छन्। उनको स्वभाव कस्तो छ भने उनले कसैसँग सापटी मागेर लगेको किताब च्यातिएको छ, अथवा, त्यसका पाना उप्किएका छन् भने उनी अरू काम छाडेर पहिला त उप्किएका वा च्यातिएका ती पानालाई टाँसेर हुन्छ या अरू जे गर्न सकिन्छ, हेरेर टाँस्ने काम गर्छन् र त्यस्तो पुरानो किताबलाई चट्ट नयाँ जस्तो बनाइदिन्छन् ! त्यसो हुँदा पनि किताबलाई स्याहार-सुसार गर्दै जतनसाथ राख्नु पर्छ भन्छन्। र, त्यसो नगर्ने वा नमान्नेहरूसँग धेरै पटक उनको चर्को विवाद भएको छ। पटकपटक र थाकुञ्जेल भन्दा पनि किताब स्याहार गर्न नमान्ने कति जनासँग त उनको बोलचाल र आइजाई नै कपाल झैँ पातलिएको छ। किताबलाई अपमान र हेलाहोँचो गर्नेहरू उनलाई मन पर्दैनन्।

उनै किताबप्रेमी साथी मलाई भन्ने ( सुनाउने) गर्छन्, "बुझ्नुभयो दाइ, वैज्ञानिक अल्बर्ट आइन्स्टाइन भन्ने गर्थे- 'मैले जति पढ्दै र बुझ्दै गएँ, मलाई त्यति नै ज्ञात हुँदै गयो, मलाई कति कम मात्र थाहा रहेछ।' भनेसी, बीसौं शताब्दीका सबैभन्दा सूक्ष्म र ठूलो दिमाग भएको मानिस कहलिएका आइन्स्टाइनको सोचाइ त त्यस्तो रहेछ भने तपाईं-हामी, जो आफ्नो हातमुख जोर्ने परिस्थितिजन्य व्यस्तताबीच केही समय निकालेर धेरथोर जो पढ्छौं, लाई के पढने, कति पढ्ने र कसरी पढ्ने भनेर जान्नै धौ-धौ हुँदैन त ?"

उनी किताबलाई माया गर्छन्। आफ्नो या अरू जो कसैको किताब हात पर्ने बित्तिकै पढ्नुभन्दा पहिले त्यस किताबमा सुन्दर नयाँ जिल्दा (गाता) हाली दिन्छन्। आफूले दिएको चरणाम् नग्न किताब सुन्दर जिल्दा पहिरेर आएपछि त्यो किताबधनी मख्ख परी जान्छन्।

किताबको जतन सम्बन्धमा केही महिना पहिले अमेरिकी समाचार संस्था एशोसिएटेड प्रेसले एउटा रोचक समाचार सम्प्रेषण गरेको थियो। अमेरिकी राज्य टेक्सासमा पर्ने सान एन्टोनियो शहरस्थित 'सान एन्टोनियो पब्लिक लाइब्रेरी' मा एक जना हजुरआमाले लगेको पुस्तक बयासी वर्षपछि उनका नातिले पुस्तकालयलाई फिर्ता बुझाएका छन् ! विवाह एवं पारिवारिक परामर्शदाता फ्रान्सिस ब्रूस स्ट्रेनद्वारा लिखित "योअर चाइल्ड, हिज फ्यामिली एण्ड फ्रेण्ड्स" पुस्तकसँगै एउटा पत्र पनि थियो, "हजुरआमाले अब यस किताबका लागि पैसा दिन सक्नुहुने छैन।"

त्यो पुस्तकालयले एक विज्ञप्ति जारी गर्दै त्यो पुस्तक सन् १९४३ को जुलाई महिनामा पुस्तकालय-सदस्य मारिया डेल सोकोरो एल्डेट्रे फ्लोरेसले लगेको, धेरैपछि सन् २०२५ को जुलाईमा ओरेगनका एक व्यक्तिले फिर्ता गरेको र किताब राम्रो अवस्थामा रहेको जनायो। समयमा किताब नबुझाएको जरिवाना सोह्र हजार डलर ( नेपाली करीब एक्काइस लाख रुपैयाँ) पुगेको थियो, तर पुस्तकालयले त्यो जरिवाना तिर्नु नपर्ने गरी सम्पूर्ण मिनाहा गरेको थियो।

विश्वभरका नानाभाँति कुराहरूको तथ्याङ्क राख्ने किताब 'गिनिज बुक अफ वर्ल्ड रेकर्ड्स' का अनुसार भने पुस्तकालयमा कुनै पनि पुस्तक सबैभन्दा लामो समय ( ओभरड्यू) पछि फिर्ता गरिएको विश्व कीर्तिमान सन् १९५६ मा बेलायतको क्याम्ब्रिज विश्वविद्यालय अन्तर्गत रहेको सिड्नी ससेक्स कलेज पुस्तकालय (रिचर्ड पावेल लाइब्रेरी) मा स्थापित भएको छ। त्यहाँ सन् १६६८ मा कर्णेल रोबर्ट वाल्पोल (तथा बेलायतका प्रथम प्रधानमन्त्री सर रोबर्ट वाल्पोलका पिता) ले लगेको "स्क्रीप्टोरेज रीरम जर्मानीक्यारम" शीर्षकको जर्मन इतिहास पुस्तक दुई सय अठासी वर्षपछि सन् १९५६ मा प्रोफेसर जोन एच.प्लम्बले फेला पारेपछि पुस्तकालयमा फिर्ता बुझाएका थिए। प्रोफेसर प्लम्बले वाल्पोलको जीवनी लेख्ने क्रममा खोज-अनुसन्धान गर्दा फेला पारेको त्यो पुस्तकमा लागेको हजारौं पाउण्ड जरिवाना पनि सबै मिनाहा भएको थियो।

किताबको जतनकै सन्दर्भ उठ्दा, कुनै पनि स्वयं जीवन सर्वाधिक कठिन परीक्षा हो, त्यसकारण यहाँ कसरी पढ्ने र कसरी सिक्ने भन्ने जान्नु भनेको संसारकै सबभन्दा ठूलो, र उत्तिकै महत्वपूर्ण, क्षमता हो।

कुरा मेरो मात्र होइन, सबैलाई थाहा छ- पुस्तकहरू अनेक थरी हुन्छन्। तिनलाई मूलतः दुई भागमा बाँड्न सकिन्छ- विद्यालय वा महाविद्यालयीय प्रयोजनका लागि लेखिएका किताबहरू, र, साहित्यिक, धार्मिक, सांस्कृतिक वा प्राविधिक विषय प्रयोजनका लागि लेखिएका पुस्तकहरू।

यी किताबहरूमा के पढ्न पाइन्छ ? नजिक वा टाढा छुटिसकेको अतीत, समयसँगै नित्य बित्दै गइरहेको जीवन, पीडा-पीर-व्यथाहरूको आख्यान, सुख-दुःख, सन्तोष-असन्तोष, प्राप्ति-अप्राप्ति, जय-पराजय, वेदना-संवेदना-सहानुभूति-प्रताडना, सुगमता-विषमता, गुमनामी-लोकप्रियता, अँध्यारो-उज्यालो, आशा-निराशा, भाग्य-अभाग्य, षडयन्त्र-कुटिलता-स्वच्छता-सहिष्णुता-असहिष्णुता, सपना-विपना, कमजोरी-सुदृढता, कायरता-साहस, भय-आँट, हताशा-विश्वास आदि तमाम भाव, बिम्ब र विचारहरू सबैसबै पढ्न पाइन्छ।

किताबहरू पढ्ने क्रममा मैले थाहा पाएँ, "विगत भनेको 'मिल्क्याइएको कागज' हो, वर्तमान भनेको 'समाचारपत्र' हो, भविष्य भनेको 'प्रश्नपत्र' हो, त्यसकारण पढ्ने र लेख्ने काम गर्दा पूर्ण सतर्कता एवं सचेततापूर्वक नै गर्नु पर्दछ, अन्यथा जीवन फगत 'टिशू पेपर' मा फेरिन्छ र त्यसमै थन्किएर बस्छ। अन्यथा, के हामीले ठम्याउन सक्दछौं- कुनै काम यदि गलत छ तर सबै मानिसहरूले त्यही काम गरिरहेका छन्, भने पनि त्यो काम गलत नै हो। र, यदि कुनै काम सही छ तर त्यसलाई कोही एक जनाले समेत गरिरहेको छैन यदि भने पनि त्यो काम सही नै हो।"

पछिल्लो समय निकट छिमेकमा रहेको पुस्तकालय-कक्षमा एक साहित्यिक छलफल हुँदा निष्कर्ष निस्केको थियो, "एउटा राम्रो किताबले हाम्रो मस्तिष्क उघार्छ, हृदय झङ्कृत पार्छ र जीवन बाँच्नका लागि तयार पार्दछ। मानवीय संवेदनाको भाव फराकिलो तुल्याउँछ। एउटा राम्रो साहित्यिक कृति कुनै सदाबहार फलवृक्ष जस्तै हो।"

यसरी किताब पढ्नु भनेको समय व्यर्थिनु होइन बरु त्यसको सच्चा सदुपयोग हो, यो-त्यो किताब पढेँ भनेर कहिल्यै कतै बसेर लिखित वा मौखिक परीक्षा दिन नपरी ग्रहण गर्न सकिने अमूल्य शिक्षा प्राप्ति हो। त्यस कारण पढ्नु भनेको समय -भूत, वर्तमान र भविष्य- सँगै यात्रा गर्नु हो।

यसरी किताब पढ्ने पढाउने कुरा भइरहँदा मलाई आफूले पढेको एउटा रुसी कथाको स्मरण भएर आयो। शायद एन्टोन चेखभको कथा हो जसमा उनले कसरी किताबहरूले जीवनमा आकाश-पाताल जस्तो फेरबदल ल्याउन सक्छन् भन्ने देखाएका छन्।

त्यो कथामा एक जना पात्रले आफ्नो एक जना साथीले राखेको एक लाख रुपैयाँको बाजी केवल यति मात्र शर्तमा स्वीकार गर्दछ, ऊ त्यस साथीकै घरको एउटा कोठामा लगातार पच्चीस वर्षसम्म बन्दी भएर बस्नेछ र त्यो सम्पूर्ण अवधि ऊ केवल आफूलाई मन परेका किताबहरूको मात्र भर पर्नेछ, ( अरू केही, केही पनि गर्ने छैन र केवल ती किताब मात्र पढ्दै बस्नेछ)। यही बिन्दुमा उनीहरू दुईबीच सहमति हुन्छ।

समय क्रमशः बित्न थाल्छ। बिस्तारै-बिस्तारै त्यो मानिस सस्तो मनोरञ्जनका किताब पढ्न छाडेर क्रमशः धर्म र दर्शनका गहकिला किताब पढ्नेतिर आकर्षित हुँदै जान्छ। र, बाजीको अवधि, अर्थात् पच्चीस वर्ष लामो समय, समाप्त हुँदा-नहुँदै ऊ त्यस्तो आध्यात्मिक उचाइमा पुगिसक्छ जहाँ धन नगण्य हुन्छ, र जहाँ धनको कुनै मूल्य हुँदैन। त्यो मानिस बाजीको पच्चीस वर्षे अवधि सक्किनुभन्दा ठीक पाँच मिनेट पहिले 'आफू बाजी हारेको' र 'त्यस कारण एक लाख रुपैयाँ नचाहिने' भन्दै बाजी भंग गर्छ र कोठाबाट बाहिरिन्छ।

पछि फेरि चेखभको यो कथा पढे पनि नपढे पनि मेरो मनमा एउटा अशान्त जिज्ञासा छ- महाकवि लक्ष्मीप्रसाद देवकोटाले आफ्नो चर्चित पुस्तक 'लक्ष्मी निबन्धसङ्ग्रह' मा 'लेख्ने बानी' शीर्षकमा एउटा निबन्ध त लेखे, तर उनले कहिल्यै कतै 'पढ्ने बानी' भनेर वा यससँग मिल्दो-जुल्दो रचना अरू केही लेखेनन्। किन होला ? महाकवि देवकोटाले मात्र होइन, नाम चलेका अरू तमाम नेपाली लेखक-साहित्यकारले पनि 'पढ्ने बानी' र त्यसको महत्ताबारे उस्तो केही लेखेनन्, लेखेको पाइँदैन। किन होला ?

हो, यद्यपि, पठन र लेखन मेरो रुचिका विषय हुन् तर मलाई लाग्छ, रुचि र बानी वा अभ्यास दुई अलग कुरा हुन्। रुचिभन्दा पनि बरु पढ्ने बानी बसाल्न सकियो भने त्यो चाहिँ असल स्वभाव हुन पुग्छ। किनभने पढ्ने बानीले किताबबाट एक त विविध मनोरञ्जन प्राप्त हुन्छ र त्यससँगै विचार पनि माझिन्छ (माझिँदै जान्छ,), अर्को चाहिँ, शब्द-भण्डार पउल हुँदै जान्छ र त्यसका साथै शब्द-प्रयोगमा रहरलाग्दो निखार आउँछ, अनि यसले सोचविचार गर्ने क्षमता पनि बढाउँछ। यसो हुँदा एक वा अर्को सफलताका ढोका उघारिन्छन्।

एक दिन मेरा उनै किताबप्रेमी साथी फनफनिँदै हाम्रो घर भित्रिए। सधैँ जस्तै उनको हातमा केही किताब थिए। तिनैमध्येको एउटा किताब भारतीय साहित्यकार धर्मवीर भारतीले लेखेको 'गुनाहोंका देवता' शीर्षकको हिन्दी उपन्यास 'यो पढ्नुस्' भन्दै मलाई दिए र बसीबसी टोल्हाए जस्तो गर्न थाले।

के भएको हो भनी सोधेको त उनको अन्यमनस्कताको कारण यस्तो पो रहेछ, "आज पनि एक जनाले मन्दिर बनाउन भन्दै रसीद देखाउँदै मसँग चन्दा माग्दै थिए। मैले बरु नयाँ पुस्तकालय बनाउनु पर्छ, अथवा, पुस्तकालयका लागि नयाँनयाँ किताब किन्नु पर्छ भनेको उनी त मसँग झर्किन थाले। कस्सो चर्कै बाझाबाझ नभएको !

"मानिसहरूले समाचारपत्र-पत्रिकाहरू पढ्छन्, रेडियो सुन्छन्, टेलिभिजन-यूट्यूब च्यानल-पोडकाष्ट-टिकटक आदि हेर्छन्, र फेसबुक आदि सामाजिक सञ्जालमा लेखिएका साना-मझौला स्टाटस हेर्छन्-पढ्छन्। तर त्यसबाट त उनीहरूले केवल तात्कालिक सूचना र केही मनोरञ्जन आदि मात्र त पाउने हुन्। आम मानिसको चेतना उकास्न र उनीहरूको बौद्धिक क्षमता विकास गर्न त किताब नै चाहियो नि। दिनहुँ छापिएर बजारमा आइरहने किताब सबैले किन्न र पढ्न कसरी सक्छन् ? त्यो त कसै गरी पनि सम्भव नै हुँदैन। त्यसकारण ठाउँठाउँमा सहज पहुँच भएका पुस्तकालयहरू खोल्नु र सुसञ्चालन गर्नु पर्दछ। के मैले गलत भनेको हो र ?"

मैले सफलतापूर्वक विषयान्तर गरेपछि उनको आक्रोश थामियो र उनी सहज भए।

अहिले हामीलाई देउता र मन्दिरभन्दा बढी पुस्तक र पुस्तकालयहरू चाहिएका छन् भनेर ती साथीसित मेरो छलफल यसभन्दा पहिले पनि भइसकेको थियो।

मलाई राम्रो सम्झना छ, तिनताका म क्याम्पस पढ्ने गरी सदरमुकाम तानसेनमा बस्ने गर्थें। त्यहीँ एकपटक पाल्पाली लेखक एवं पत्रकार दाइ विनयकुमार कसजूले मलाई सोध्नुभएको थियो, "खलील जिब्रानको नाम सुन्नुभएको छ ?" विनय दाइ पनि किताबहरू धेरै पढ्नुहुन्थ्यो र जतन पनि त्यत्तिकै गर्नुहुन्थ्यो। तर भर्खरभर्खर आई.ए. (प्लस टू) पढ्न थालेको मलाई त्यतिबेलासम्म खलील जिब्रान नाम भएका ती मानिस को हुन् भन्ने केही जानकारी थिएन। मैले उहाँलाई त्यही जवाफ दिएँ।

"केही छैन। मैले देखे-बुझेको छु, तपाईंमा पनि किताब पढ्ने राम्रो रुचि छ। त्यस कारण अलि पछि गएर तपाईंले पक्कै पनि उनको बारेमा पढ्नुहुनेछ," मेरो जवाफ सुनेर उहाँले अलिकति मुस्कुराउँदै भन्नुभएको थियो, "जिब्रान लेबनानमा जन्मे-हुर्केका थिए। पछि उनी अमेरिकामा बसाइँ सरे। यसर्थ उनी लेबनानी-अमेरिकी नागरिक थिए। उनी कवि, पेन्टर र दार्शनिक थिए। उनै जिब्रान भन्ने गर्थे- माटोमुनि पुरिएका मनहरूले कहिल्यै विद्रोह गर्दैनन्, न त मुर्दा नै कहिल्यै रुन्छन्। अब जिब्रानको यस भनाइलाई हामीले नेपाल र नेपालीहरूको सन्दर्भमा के कसरी प्रयोग गर्न मिल्छ होला ? अथवा, मिल्छ या मिल्दैन होला ? यसो सोचौं र छलफल गरी हेरौं न, के कस्ता तर्कनाहरू बाहिरिँदा रहेछन् !"

अनि यही सन्दर्भमा उहाँ विनय दाइसित समय-समयमा मेरो कुरा हुने गरेको थियो। नेपालमा सबैतिर मन्दिर बनाउने र देवी-देउताहरूको स्थापना गर्ने कुरा मात्र सुनिन्छ। कतै नयाँ मन्दिर बनाउन भागवत पुराण सप्ताह चलिरहेको हुन्छ त कतै नयाँ धार्मिक आयोजना गर्ने योजना बनिरहेको हुन्छ। व्यापक स्तरमा चन्दा पनि उठाइने गरिन्छ। 'मनकारीहरू'को कुरा हुन्छ, फूलमाला अनि अबीरको वर्षा हुन्छ र हजारौं-लाखौं रुपैयाँ प्रदान हुन्छ, केही चाहिँ पछि दान प्रदान गर्ने प्रतिबद्धता हुन्छ। यसरी देवी-देउताको नाममा करोडौं रुपैयाँ उठ्छ। तर त्यसको केही भाग मात्र पनि गाउँ-शहरहरूमा तत्काल उपयोग-योग्य पुस्तकालयहरू स्थापना र व्यवस्थापन गर्ने हो भने कति राम्रो हुने थियो होला ?

वास्तवमा पुस्तकालयहरूका अगाडि विद्याकी देवी वीणा-वादिनी सरस्वतीको भव्य एवं आकर्षक मूर्ति स्थापना गर्ने र पुस्तकालयलाई देवी सरस्वतीको मन्दिर भन्ने गरे त भइहाल्छ नि। तर यसतर्फ कसैको सोचाइ गएको नै देखिँदैन। धन हुने मनकारीहरूले मन्दिरसँगै पुस्तकालय र वाचनालयहरू पनि बनाए त झन् राम्रो हुने थियो नि।

कस्तो हुँदो हो यदि त्यसरी बनाइएका पुस्तकालय र वाचनालयका भित्ताहरूमा ठाउँठाउँमा जर्मनभाषी चेक लेखक फ्रान्ज काफ्काले भनेका यी पङ्क्तिहरू लेखिएको होस्, "हाम्रो आत्मा एक विशाल महल जस्तै हो, जसमा नजाने कति अनजान कोठाहरू छन्। ती प्रत्येक कोठाका ढोकाहरूमा ताल्चा लागेको छ। किताबहरू, खासमा, ती सबै ताल्चा खोल्ने चापी हुन्।"

अथवा, काफ्काकै यो भनाइ पनि त्यहाँ होस्, "हामीभित्र एउटा समुद्र छ र त्यो बरफ झैं जमेर बसेको छ। किताबहरू त्यस्तो बञ्चरोजस्तो हुनु पर्छ जसले त्यो बरफ फोर्न सकोस्।"..... "जुन किताब हामी पढ्छौं, ती किताबले यदि हाम्रो टाउकोमा मुड्की बजारेर, घनले हिर्काएर हामीलाई ब्युँझाउन सक्दैनन् भने ती र त्यस्ता किताब पढेर के फाइदा ?"

अथवा, अमेरिकी वैज्ञानिक टमस एल्बा एडीसनले भनेका पङ्क्ति त्यहाँ होऊन्, "पुस्तकहरू भनेको त महान प्रतिभाहरूले मानव जातिका लागि छोडेर गएको पैतृक सम्पत्ति हो। यो सम्पत्ति एक पुस्ताबाट अर्को पुस्तालाई सुम्पनका लागि हो। यो त मानौं अहिले जन्मिन नै बाँकी रहेका मानिसहरूका लागि समेत दिइएको उपहार पनि हो।"

अथवा, 'प्रमिथस' महाकाव्यबाट लिइएको महाकवि देवकोटाको यो कवितांश त्यहाँ शोभायमान गरिएको होस्,

"मानिस एक तारा हो आफ्नो, अन्धकारमा।

एक, अकेला, काफी, अन्तरिक्षमा आफ्नो।

आफ्नो जगत्को स्रष्टा। आफ्नो जगत्को मालिक।

एक, अकेला योद्धा। आफ्नो प्रकाश, आफ्नो मार्ग।

विचारहरू उसका किरण-केन्द्र ज्योतिर्मय

आफैँ ऊ, मानिस। यिनै किरणको सब सिर्जना।

यिनै किरणको उसको साम्राज्य, जगत्मा।

सानो सूर्य हो मानिस, सानो जगत् प्रकाश।"

अथवा, फेरि अर्का अमेरिकी लेखक जर्ज आर.आर.मार्टिनको यो पङ्क्ति होस्, "नियमित पुस्तक पढिरहने मानिस आफ्नो मृत्युभन्दा पहिले हजार जुनी बाँच्दछ।" अथवा, फ्रान्सेली दार्शनिक रेने डेकार्टको यो भनाइ कतै उल्लेख गरिएको होस्, "धेरैभन्दा धेरै असल पुस्तक पढ्नु भनेको बितेका शताब्दीहरूमा भएका श्रेष्ठ व्यक्तिहरूसित कुराकानी गरे जस्तो हो।"

तात्पर्य के हो भने बदलाव त्यसै हुँदैन, आफैँ आउँदैन, र, त्यसका लागि सधैँसधैँ ठूलाठूला कुरा गरिरहनु पनि पर्दैन। परिवर्तनको प्रारम्भ त उपेक्षा वा नजरअन्दाज जस्तो गरिएका सानातिना कुराबाट पनि मनग्गे हुनसक्छ।


बेलायतमा अठारौं-उन्नाइसौं शताब्दीसम्म पनि कम आय भएका परिवारहरूमा एउटा रमाइलो प्रचलन झाङ्गिएको थियो- उनीहरू किनेर वा सापटी खोजेर नयाँ किताब ल्याउँथे र त्यसलाई सामूहिक तवरमा सस्वर पाठ गर्थे। यसरी त्यही एउटा किताब एकै पटकमा धेरैजनाले पढ्थे। यसो गर्दा उनीहरूको नयाँ र धेरै किताब पनि पढ्ने र त्यसबाट मनोरञ्जन एवं शिक्षा हासिल पनि गर्ने दोहोरो मनशाय पूरा हुन्थ्यो। यो प्रचलनले बेलायतीहरूमा अध्ययन-रुचि र पठन-संस्कृति विकास गर्न ठूलो भूमिका खेलेको थियो।

यही प्रचलनलाई आधार बनाएर अङ्ग्रेज लेखक एवलीन वाले 'द म्यान हू लाइक्ड डिकेन्स' शीर्षकमा एउटा कथा लेखे। सन् १९३४ मा प्रकाशित भएको त्यो कथा बहुचर्चित मानिन्छ।

पछिल्लो समयमा त्यो सामूहिक पठन संस्कृति स्वरूप परिवर्तन भएर फेरि अवतरित भएको छ, यस पटक चाहिँ "किताब क्लब" (बुक क्लब) वा "पाठक क्लब" (रीडर्स क्लब) को आकार ग्रहण गरेर। यस संरचनामा मन मिल्ने कतिपय साथीहरू निश्चित ठाउँमा भेला हुने, पहिले नै छनोट गरिएको किताबमाथि सबैले पालैपालो आआफ्ना विचार एवं मत राख्ने, फरक मत देखा परे त्यसमाथि सामूहिक छलफल गर्ने र हाँसीखुशी खानपीन गरेर त्यस एक दिनको कार्यक्रम समाप्त गर्ने प्रचलन चलाइएको छ। विदा हुनु पहिले अर्को भेटमा कुन चाहिँ किताब पढ्ने र त्यसमाथि छलफल केन्द्रित गर्ने भन्ने निष्कर्ष हुन्छ। यस्ता किताब क्लब छलफल कार्यक्रममा सहभागी हुने सबैले अनिवार्यतः निर्दिष्ट किताब पढेकै हुनु पर्दछ। चिया, खाजा र खानपीनको सन्दर्भमा आयोजक-घरधनी एक्लैले वा अन्य सबै सदस्य मिलेर समान रूपले खाने सामग्री ल्याएर अथवा एकाध जना मात्र मिलेर व्यवस्थापन गर्न सक्ने प्रावधान हुन्छ।

मेरा किताबप्रेमी साथीले भने झैँ मलाई लाग्छ, नयाँ किताब पढ्नु भनेको कुनै अनजान साथीलाई भेटे जस्तै हो। ती किताबहरू नै त हुन् जसले हाम्रो अनुपस्थितिमा पनि पिठ्यूँ पछाडि मेरो, तपाईंको, हाम्रो वा अन्य कसैको कुरा कहिल्यै काट्दैनन्। बरु हामीभित्र आलोचनात्मक सोच र विश्लेषण क्षमताको विकास गर्न सघाउँछन्। अमेरिकी निबन्धकार-कवि-दार्शनिक आर.डब्लू.एमर्सन भन्ने गर्थे, कुनै पनि मानिसलाई चिन्नु र बुझ्नु छ भने उसले के कस्ता किताब पढ्ने गर्दछ भनेर जाने हुन्छ।

यसरी किताबका कुरा काटी बस्दा मलाई लागिरहन्छ, कभर अथवा आवरण या मुखपृष्ठ हेरेर मात्र किताबको स्वाद र त्यसको गुणवत्ता थाहा हुँदैन। त्यसले दिने शिक्षा, मनोरञ्जन र सन्देश थाहा पाउन त किताबै पढ्नु पर्छ। ठीक त्यसरी नै जसरी अण्डा नफुटालीकन अमलेट बनाउन सकिँदैन, ओखर नफुटालीकन घाँजी खान सकिँदैन, र, बोक्रा नछोडाइकन सुन्तला खान सकिँदैन।



शङ्कर उपाध्याय
जन्म : वि. सं. २००८/०७/१६
निधन : वि. सं. २०८२/११/०८

भावपूर्ण श्रद्धाञ्जली !

प्रगतिशील लेखक सङ्घ, गण्डकी प्रदेशका सचिवालय सदस्य, साहित्यकार सुरज उपाध्यायका पिता शङ्कर उपाध्यायको दुःखद निधन भएकामा पिताप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं।

प्रगतिशील लेखक सङ्घ
गण्डकी प्रदेश समिति, पोखरा

gandakipralesa@gmail.com
www.pralesagandaki.org.np


कौशल कुमार भट्टराई कृष्ण लम्साल पिएमणि भट्टराई हरि शरण जमकटेल गम्भीर ब. हाडा

लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ विमर्श

Naya Bimarsha Weekly

प्रधान–सम्पादक/प्रकाशक : कौशल कुमार भट्टराई (९८५११३८२३७)
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाता: आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजक: एस. भट्टराई
सल्लाहकार: सह–प्राध्यापक गम्भीर बहादुर हाडा
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुख: स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौँ–कार्यालय : बबरमहल, काठमाडौं, फोन: ०१–४२६७०६४
इमेल : nayabimarsha@gmail.com
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

## मननीय कुरा

"हामी वरिपरि बसेर अरू मानिसहरूलाई पर्खंदैनौं। हामी बनाउँछौं र गर्छौं।"

- अर्लन ह्यामिल्टन

"महिलाको लागि सबैभन्दा बलियो कार्य भनेको आफूलाई माया गर्नु हो, आफूलाई बन्नु र उनीहरु माझ चम्कनु हो जसले कहिल्यै विश्वास नगर्न सक्छ।"

- अज्ञात

"जब तपाइँ एक सफल महिला देख्नुहुन्छ, तिनलाई रोक्न खोज्ने तीनजना पुरुषहरू खोज्नुहोस्।"

- युलिया टिमोसेन्को

"जसलाई थाहा हुन्छ ऊ बोल्दैन तर जो बोल्छ उसलाई थाहा हुँदैन।"

- दार्शनिक लाओत्से

"केही महिलाहरूले पुरुषहरूलाई पछ्याउने छनौट गर्छन् र कोहीले उनीहरूको सपनाहरू पछ्याउने छनौट गर्छन्। यदि तपाइँ कुन बाटोमा जाने भनेर सोच्दै हुनुहुन्छ भने, याद गर्नुहोस् कि तपाइँको करियर कहिल्यै उठ्ने छैन र तपाइँलाई यो बताउनुहुन्छ कि यसले तपाइँलाई माया गर्दैन।"

- लेडी गागा

## मानिसविहीन अवस्थामा कम्पनी संचालन

आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिले गर्दा पछिल्लो समयमा विश्वका सानाठूला सबै प्रकारका प्रविधि कम्पनीहरूले कर्मचारी कटौती गरिरहेका छन्। धेरैजना मानिस कर्मचारी खटिएर गर्नुपर्ने त्यस्ता कामहरू एआईले सजिलो बनाइदिएको छ। यसले कामको गति धेरै गुणाले बढाएको मात्र हैन कम्पनीहरूको खर्च पनि उल्लेखनीय रूपमा घटाइरहेको छ।

प्रविधि उद्योगमा एआईले मानव कर्मचारीलाई नै प्रतिस्थापन गरिरहेको परिप्रेक्षमा अमेरिकामा एउटा अनौठो अभ्यास भएको छ। अमेरिकाको फ्लोरिडास्थित प्रतिरक्षा प्रविधि उद्यमी हारुन स्नीडले यस क्षेत्रमा नयाँ प्रयोग गरेका छन्। स्नीडले आफ्नो कम्पनीलाई मानव कर्मचारीविहीन बनाएका छन् र आर्टिफिसियल इन्टेलिजेन्स ( एआई) एजेन्टमार्फत काम गराएका छन्। उनले आफ्नो कम्पनीका मानव संसाधन, आपूर्ति श्रृंखला, कानूनी तथा गुणस्तर नियन्त्रणजस्ता महत्वपूर्ण विभागहरूको जिम्मेवारी फरक-फरक एआई एजेन्टहरूलाई सुम्पिएका छन्।

*एआई एजेन्टको भर्चुअल टोली*

स्नीडले यस प्रणालीलाई 'द काउन्सिल' नाम दिएका छन्। यसमा करिब १५ जना विशेष रूपमा प्रशिक्षित एआई एजेन्टहरू समावेश छन्। यस टोलीको केन्द्रमा एउटा 'चीफ अफ स्टाफ' एआई एजेन्ट छ, जसले प्राथमिकताहरू निर्धारण गर्छ र सुरक्षा तथा कानुनीजस्ता गम्भीर विषयहरू सबैभन्दा पहिले समाधान हुने कुरा सुनिश्चित गर्छ।

स्नीडका अनुसार यस प्रणालीले हरेक हप्ता करिब २० घण्टाको समय बचत गरिदिन्छ। यसले गर्दा एक्लै संस्थापक भएर पनि व्यवसाय सञ्चालन गर्न धेरै सहज भएको उनी बताउँछन्।

*चाकडी नगर्ने डिजिटल कर्मचारी*

यी एआई एजेन्टहरूको सबैभन्दा ठूलो विशेषता के हो भने तिनीहरू केवल आदेश मान्नका लागि होइन कमी कमजोरी खोज्नका लागि डिजाइन गरिएका छन्। हारुन स्नीडका अनुसार, एआई एजेन्टहरूलाई यसरी प्रशिक्षित गरिएको छ कि उनीहरू सधैं हजुर-हजुर भनेर चाकडी गर्दैनन्। कार्यस्थलमा भएका विभिन्न गल्तीहरू औंल्याइदिन्छन् र कम्पनी मालिक हारुनका विचारलाई समेत कहिलेकाहीँ चुनौती दिन्छन्।

ओपन एआई र एनभिडियाको प्रविधिमा आधारित यी एजेन्टहरूले आपसमा भर्चुअल राउन्डटेबल बैठक गर्छन् र कुनै पनि प्रस्तावमाथि गहिरो छलफल गर्छन्।

*मानिस पूरै प्रतिस्थापित हुन्छन् ?*

एउटा पूरै कम्पनी एआई एजेन्टले चलाउन सम्भव देखिएता पनि यस्ता एआई एजेन्टहरू मानव मस्तिष्क र अनुभवको पूर्ण विकल्प भने हुन नसक्ने हारुन बताउँछन्। हारुनका अनुसार उनको लिगल एआई एजेन्टले कानुनी कागजात तयार गर्न त सक्छ तर जटिल कानुनी मामिलामा अन्तिम निर्णय लिन आज पनि उनलाई मानव वकिलको आवश्यकता पर्छ।

त्यसैले स्नीड यसलाई हाइब्रिड भविष्यका रूपमा हेर्छन्। जहाँ एआईले मानिसलाई थकान हुने र दोहोरिरहने खालका कामहरू सम्हाल्नेछ जबकि मानिसले चाहिँ रणनीति निर्माण तथा जटिल समस्याको समाधानमा ध्यान केन्द्रित गर्न सक्नेछन्। (एजेन्सीको सहयोगमा)

JANASHAKTI
By HR Capital Nepal

# घोषणापत्र, उम्मेदवार र मतदाताको भूमिका व्यवस्थापन कसरी ?


–गम्भीर बहादुर हाडा
अधिवक्ता तथा सह–प्राध्यापक, अर्थशास्त्र
भक्तपुर बहुमुखी क्याम्पस (अवकाशप्राप्त)

२०८२ साल फागुन २१ गते महत्वपूर्ण रुपमा चुनाव हुन लागेको कुरा सबैलाई थाहा भएकै कुरा हो। चुनाव कसरी गर्ने ? के गर्ने ? चुनावी घोषणापत्र कस्तो हुनुपर्छ ? उम्मेदवारहरु कस्तो हुनुपर्छ ? र मतदाताहरुको दायित्व र कर्तव्यहरु के के हुन् ? आदि जस्ता महत्वपूर्ण कुराहरु सबैले थाहा पाउनु जरुरी छ।

यी तीनवटा महत्वपूर्ण कुराहरु एकापसमा सम्बन्धित रहेका हुन्छन्। सबभन्दा पहिलो महत्वपूर्ण कुरा के हो भने मतदाताहरुले समयमा नै ध्यान पुऱ्याएर मत (भोट) खसाल्नु अति आवश्यक छ। मतदाताहरुले मनमा अरु नचाहिने कुराहरु बिर्सेर संयमतापूर्वक ध्यान दिएर आफूले र म्रो मानिस रोजेर भोट खसाल्नु अति आवश्यक छ। कसैको करकापमा मतदाताहरु लाग्नु हुँदैन। आफ्नै स्वविवेकले उचित ठानेको व्यक्ति र काम गर्न लायकको व्यक्तिलाई भोट दिनु आवश्यक छ। आगामी फागुन २१ गते प्रतिनिधिसभाका २७५ जना सदस्य छनोटका लागि निर्वाचन हुँदैछ। यसमा ७७ जिल्लाबाट १६५ जना प्रत्यक्षरूपमा निर्वाचित हुन्छन्। यसैगरी ११० जना समानुपातिक निर्वाचनबाट निर्वाचित हुने कानूनी व्यवस्था छ। यसरी हामी मतदाताले एकै पटक प्रत्यक्ष र समानुपातिक गरी दुइवटा मतपत्रमा आफ्नो मत हाल्नुपर्छ। नेपालको नागरिकताको प्रमाणपत्र भएको व्यक्ति १८ वर्ष पूरा भएपछि निर्वाचन आयोगको प्रक्रियाअनुसार मतदाता नामावलीमा सूचीकृत हुनुपर्छ।

मतदान केन्द्रमा पूर्णत सुरक्षा प्रदान गरिएको हुन्छ। त्यहाँ स्वयंसेवक खटिएका हुन्छन्। उम्मेदवारका प्रतिनिधि पनि हुन्छन्। निर्वाचनमा खटिएका कर्मचारीसमेत हुने हुँदा आवश्यक सहयोग लिन सकिन्छ। निर्वाचनमा कुन उम्मेदवार र राजनीतिक दल छान्ने भन्ने आफ्नो नैसर्गिक अधिकार हो। यसमा विवेक पुऱ्याएर मतदान गर्नुपर्छ। १८ वर्ष उमेर पुगेका आम मतदाताले निर्वाचन आयोगले सम्पन्न गराउने निर्वाचनमा सहभागी भई नागरिकको कर्तव्यपालना गर्नुपर्छ।

निर्वाचन आयोगको मुख्यालय काठमाडौंमा छ। सातै प्रदेश र ७७ वटै जिल्लामा यसका कार्यालयहरू छन्। यसर्थ, आफूलाई द्विविधा भएको विषयमा ती कार्यालयमा सम्पर्क राख्न सकिन्छ। नेपालको नागरिकताको प्रमाणपत्र भएको व्यक्ति १८ वर्ष पूरा भएपछि निर्वाचन आयोगको प्रक्रियाअनुसार मतदाता नामावलीमा सूचीकृत हुनुपर्छ। यसपछि आफ्नो तस्वीर (फोटो) सहितको मतदाता परिचयपत्र बन्छ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई आफ्ना विचार र अभिव्यक्ति स्वतन्त्रता दिएको छ। यसको अर्थ भनेको कुनै पनि नागरिकलाई स्वतन्त्र रूपमा कुनै पनि दललाई मत दिन पाउने अधिकार छ। निर्वाचनको समयमा केही कानूनी र नैतिक सीमाहरू पनि लागू हुन्छन्, जस्तैः निर्वाचन आचारसंहिता, निर्वाचन आयोगका निर्देशन र प्रचलित कानूनी नियमले मतदातालाई जबरजस्ती प्रलोभनमा फसाउने, घृणात्मक भाषण गर्ने वा मतदातालाई गलत सूचना प्रवाह गर्ने किसिमका गतिविधिहरूलाई रोक लगाएको छ। त्यसैले, मतदाता र सञ्चार माध्यमहरूले पनि सचेत भई नैतिकताको पालना गर्नुपर्छ। सांसद कुनै सांस्कृतिक कार्यक्रमका कलाकार होइनन्, उनीहरू राज्य सञ्चालनका प्रमुख नीति निर्माताहरू हुन्।

त्यसैले सांसदलाई न्यूनतम होइन, राज्य सञ्चालनका विविध विषयमा पर्याप्त ज्ञान हुनु जरुरी छ। यसमा राजनीतिक शास्त्र, संस्कार, नैतिकता, इमानदारिता, शालीनता, भद्रता आदि कुराहरूको विशेषता सांसदहरूमा हुनु आवश्यक छ। आवश्यक ज्ञानहरूमा संविधानको गहिरो ज्ञान, कानूनी प्रक्रिया, संसदीय समिति, बजेट निर्माण प्रक्रिया, जनताको कुरा संसदमा कसरी राख्ने र देशको विकासका खाका कसरी बनाउने जस्ता कुराहरू पर्छन्।

मतदाताले इमानदार, योग्य, सक्षम र परिवर्तन उन्मुख जनप्रतिनिधि छान्न नसक्दा मुलुकमा सुशासन कायम हुन नसकेको गुनासा रहेका छन्। यस सन्दर्भमा मतदाताले आफ्नो महत्त्वपूर्ण मतबाट शाासकीय नेतृत्वमा पुग्ने व्यक्ति स्वच्छ, इमानदार, निष्पक्ष र सक्षम भए नभएको अध्ययन विश्लेषण गरी मतदान गर्नु जरुरी छ। मुलुकको निर्वाचनलाई स्वच्छ, प्रभावकारी र प्रतिफलयोग्य गराउन मतदाताको अर्थपूर्ण सहभागिता हुनु निर्वाचनको महत्त्वपूर्ण पक्ष हो। सबै मतदानालाई सचेत, विवेकशील र जानिफकार बनाउन निर्वाचन आयोगलगायत सबै राजनीतिक दलले निर्वाचन शिक्षालाई प्रचारप्रसार गर्नु आवश्यक छ।

आफ्नो मतको महत्त्व र भूमिका बुझ्नु मतदाताको पहिलो महत्त्वपूर्ण जिम्मेवारी हो। निर्वाचनका समयमा उम्मेदवारले गर्ने अनावश्यक र अधिक खर्चले भ्रष्टाचार गर्न उत्प्रेरित गर्ने भएकाले फजुल खर्चमा संलग्न हने उम्मेदवारलाई जाँचबुझ गरेर मात्र मतदान गर्नु पर्छ। मतदाता निर्वाचनसम्बन्धी सही सूचना वा जानकारी लिन तत्पर हुनु पर्छ। बालिग मताधिकारको सिद्धान्त, मतको गोपनीयताको सिद्धान्त, एक व्यक्ति एक मतको सिद्धान्त, आवधिक निर्वाचनमा मतदानको महत्त्व, सबै योग्य मतदातालाई बिनाअवरोध गोप्य मतदान गर्ने सुनिश्चितता जस्ता सवालमा छलफल तथा विश्लेषण गर्न जरुरी हुन्छ।

निर्वाचनमा मतदाताले गर्ने मतका आधारमा जनप्रतिनिधि छानिने र छानिएका जनप्रतिनिधिको सरकारले मुलुकको शासन सञ्चालन गर्ने भएकाले सुशासनको प्रत्याभूत गर्न सक्ने नेतृत्व छान्न सबै मतदाता होसियार हुनु आवश्यक छ। पुरानो सोच, आवरण र आश्वासनमै निर्वाचित हुन चाहने र नवीन सोच, ऊर्जा र परिवर्तनको अवधारणामा निर्वाचित हुन खोज्नेका बीचमा तुलनात्मक अध्ययन, विश्लेषण गर्नु पर्छ। घोषणापत्र वा आश्वासन पूरा गर्न सक्ने आधार र सूचकहरूको आँकलन गरी उम्मेदवारप्रति धारणा बनाउन आवश्यक छ।

आज समाजमा बसाइँसराइँको तीव्रता, बढ्दो शहरीकरण, राज्यको पहुँच बाहिर फैलिंदो अनौपचारिक श्रम बजार, युवा र महिलामा बढ्दो रोजगारी संकट उद्धारपछि दिगो पुनःस्थापनाको अभाव - यी छुट्टाछुट्टै समस्या होइनन्। यी राज्यका संरचनात्मक कमजोरीका आपसमा गाँसिएका लक्षण हुन्। त्यसैले मानव बेचबिखनलाई अब 'समस्या भएको एक क्षेत्र' मानेर सीमित ढंगले मात्रै हेर्ने समय सकिएको छ। यो विषयलाई राज्यको जिम्मेवारी र राज्य सञ्चालनको सूचक भनेर जोड्नु आवश्यक छ।

अबको घोषणापत्रमा ऊर्जा सुरक्षा र औद्योगिक खपतलाई केन्द्रमा राखिनुपर्छ। उद्योगहरूलाई छिमेकी देशलाई बेच्ने मूल्यभन्दा सस्तो दरमा बिजुली उपलब्ध गराउने नीति ल्याउनुपर्छ ताकि नेपालमा औद्योगिक उत्पादन बढोस्। प्रत्येक घरमा 'इलेक्ट्रिक कुकिङ' लाई प्रवर्द्धन गर्न विशेष सहुलियत र इन्डक्सन चुलो वितरणको ठोस कार्यतालिका हुनुपर्छ। नयाँ आयोजना निर्माण गर्नुअघि 'प्रसारण करिडोर' सम्पन्न गर्ने समयबद्ध प्रतिबद्धता हुनुपर्छ।

सडक खन्दा नै पाइपलाइन र बिजुलीका तारको व्यवस्थापन गर्ने 'एकीकृत पूर्वाधार विकास' को नीति घोषणापत्रमा हुनुपर्छ। अबको एजेन्डामा पूर्वाधारको दिगोपना र सुरक्षा प्राथमिकतामा हुनुपर्छ। सार्वजनिक खरिद ऐनमा संशोधन गरी - 'लो-बिडिङ' प्रथाको अन्त्य र काम बिगार्ने ठेकेदारलाई कडा कारबाही गर्ने व्यवस्था घोषणापत्रको मुख्य बुँदा हुनुपर्छ। राष्ट्रिय गौरवका आयोजनाहरू कुन मितिमा सम्पन्न हुन्छन्, त्यसको काउन्टडाउनसहितको प्रतिबद्धता हुनुपर्छ।

सडक दुर्घटना कम गर्न स्मार्ट ट्राफिक म्यानेजमेन्ट र सडक सुरक्षा अडिटलाई अनिवार्य गर्ने नीति ल्याउनुपर्छ। सडक, खानेपानी, बिजुली र इन्टरनेटको तार बिछ्याउने कामलाई एकैसाथ गर्ने एकीकृत पूर्वाधार ऐनको घोषणा हुनुपर्छ। राजनीतिक दलहरूले घोषणापत्रलाई केवल निर्वाचन आयोगको सर्त पूरा गर्ने चेकलिस्ट बनाउनु हुँदैन।

दलहरूले चुनावी घोषणापत्रलाई दीर्घकालीन नीति दस्तावेजभन्दा पनि मत तान्ने साधनका रूपमा प्रयोग गरेका छन्। चुनाव सकिएपछि ती पाना दराजभित्र थन्किन्छन्। संसद् र सरकारमा पुगेपछि प्राथमिकता फेरिन्छ। सत्ता जोगाउने गणित, गठबन्धनको दबाब, भागबन्डा र स्वार्थको राजनीति नै मुख्य एजेन्डा बन्छ। घोषणापत्रका प्रतिबद्धता भने बिर्सिएका वाचाझैँ हराउँछन्। यही कारण मतदाताको चासो घोषणापत्रप्रति घट्दै गएको छ। धेरै उम्मेदवार त घोषणापत्रबिनै घरदैलोमा छन्। उनीहरूलाई थाहा छ जनताले घोषणापत्र पढेर होइन, विकल्पको अभावमा वा भावनात्मक प्रभावमा भोट दिन बाध्य छन्। यस पटक पनि केही दलहरूले घोषणापत्र सार्वजनिक गरिसकेका छन्।

नेकपा, जसपा र राष्ट्रिय जनमोर्चाले आफ्ना दस्तावेज बाहिर ल्याएका छन्। ती घोषणापत्र पढ्दा पुरानै शब्द, पुरानै शैली, पुरानै प्रतिबद्धता दोहोरिएको देखिन्छ।

जनताद्वारा निर्वाचित जनप्रतिनिधि र दलहरूको नेतृत्वबाट नै समग्र देशको समृद्धि हुने आशा राखिन्छ। राजनीतिक परिवर्तनका साथै आर्थिक र सामाजिक परिवर्तन गरी जनताको जीवनस्तर सुधार गर्नुपर्ने दायित्व नवनिर्वाचित प्रतिनिधिहरूको मुख्य भूमिका रहन्छ। देश र जनताको हितप्रति राजनीतिक दल र उम्मेदवारहरू प्रतिबद्ध हुनु जरुरी छ। पुराना राजनीतिक दलहरूले विगतमा गरेका गल्ती र कमीकमजोरीहरू सच्चाएर तथा जनतामाझ स्वीकार गरी सुशासन र दिगो शान्ति स्थापना गर्न अवसर पैदा भएको छ। विकासको ढाँचा र प्राथमिकतालाई जनतामाझ प्रष्ट गरी गुणात्मक आर्थिक रूपान्तरणतर्फ दल र जनप्रतिनिधिहरूले जोड दिनुपर्दछ। समृद्धिका लागि राजनीतिक स्थिरता, उत्पादन र रोजगारी वृद्धि एवं सामाजिक न्याय कायम राख्न निश्चित खाका अवलम्बन गर्नु आवश्यक छ। भ्रष्टाचार, अनियमितता, विभेद र शोषणेकी अन्त्य गर्न राष्ट्रिय बहससहित ठोस पहलकदमी चाल्नुपर्ने देखिन्छ। निर्वाचन घोषणापत्रको आधार राजनीतिक दलको राष्ट्रिय दृष्टिकोण र वैचारिक स्पष्टता हुनु पर्छ। घोषणापत्रमा राजनीतिक दलको राजनीतिक दर्शन, राज्य संरचना तथा विकासको मोडेल, भूराजनीतिक व्यवस्थापन, संविधान संशोधन र सामाजिक न्यायको परिकल्पना स्पष्ट रूपमा प्रतिविम्बित हुनु पर्छ। नेपालको संविधानले समावेशी, लोकतान्त्रिक र समाजवाद उन्मुख राज्यको लक्ष्य लिएको सन्दर्भमा घोषणापत्रले संविधानको मर्म अनुसार दीर्घकालीन नीतिगत दिशा प्रस्तुत गर्नु पर्छ। जनताको विकासको आकाक्षालाई सम्बोधन गर्न सक्ने सुविचारित आधार प्रस्तुत गर्नु पर्छ।

वैचारिक अस्पष्टता भएको घोषणापत्र नीतिगत निरन्तरता दिन असफल हुने भएकाले केवल अल्पकालीन लोकप्रिय वाचाको दस्ताबेजमा सीमित रहन्छ। सुशासन, विधिको शासन र भ्रष्टाचार नियन्त्रण पनि घोषणापत्रको केन्द्रीय विषय हुनु पर्छ।

सुशासनको आधार स्पष्ट नियम, समावेशी निर्णय प्रक्रिया र समान कानूनी व्यवहार हो। घोषणापत्रले नीतिगत निर्णयमा मनपरी होइन, नियममा आधारित शासन कसरी सुनिश्चित गरिन्छ, भन्ने स्पष्ट गर्नुपर्छ। अब नागरिकलाई ठूला नारा र आकर्षक वाचाले मात्र विश्वास दिलाउन सकिँदैन। उनीहरूलाई चाहिएको छ, शासन कसरी चल्छ भन्ने स्पष्टता। घोषणापत्रले नीति कसरी बनाइन्छ, कसरी कार्यान्वयन हुन्छ र पाँच वर्षभित्र त्यसको समीक्षा कसरी गरिन्छ भन्ने मार्गचित्र दिनुपर्छ नत्रभने यो कर्मकाण्डी मात्र हुन जान्छ। घोषणापत्रले सुशासनलाई नारा होइन संस्थागत अभ्यासका रूपमा परिभाषित गर्नुपर्छ। कार्यकारी, विधायिका र न्यायपालिकाबीचको शक्ति सन्तुलन कसरी कायम गरिन्छ भन्ने विषय स्पष्ट हुनुपर्छ। मन्त्रिपरिषद्, मन्त्रालय र निकायबीचको भूमिका र सीमाना अस्पष्ट हुँदा शक्ति दुरुपयोग बढ्ने भएकाले, अधिकार र जिम्मेवारीको स्पष्ट विभाजन घोषणापत्रमै प्रतिवद्धताका रूपमा आउनुपर्छ।

लोकतन्त्र, संविधान, शासन प्रणाली, सुशासन, निर्वाचन प्रक्रिया, निर्वाचन पद्धति, निर्वाचन प्रणाली, नागरिक कर्तव्य र अधिकार, सरोकारवालाको भूमिका, राजनीतिक दललगायतका विषयमा आममतदाता तथा नागरिक सबैलाई निरन्तर रूपमा दिइने निर्वाचन शिक्षा हो। निर्वाचन व्यवस्थापन गर्ने निकायलगायत निर्वाचन सम्बद्ध सरोकारवाला संस्थाले निरन्तर रूपमा निर्वाचन शिक्षा प्रदान गरी नागरिकलाई राजनीतिक अधिकारको उपयोग सही तरिकाले गर्न सक्षम तुल्याउँछ। मतदाता शिक्षा निर्वाचन शिक्षा अन्तर्गत पर्छ। मतदातालाई मतदान गर्न सजिलो पार्ने उद्देश्य राखी सम्प्रेषण गरिएका सूचना नै मतदाता सूचना हुन्। मतदान गर्न कहाँ र कहिले जाने ? मतदान गर्न जाँदा आवश्यक पर्ने कागज वा प्रमाण के हुन् ? लगायतका जानकारी मतदाना सूचनाले प्रदान गर्छ। निर्वाचन आयोगले यस्ता सूचना रेडियो, टेलिभिजन, पोस्टर, पम्प्लेट, सामाजिक सञ्जाल आदि माध्यमबाट मतदातासमक्ष पुऱ्याउँदै आएको छ।

लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ विमर्श

Naya Bimarsha Weekly

# पर्साका अन्सारी कांग्रेसमा

वीरगञ्ज/ नेकपा (एमाले) पर्साका नेता बसरुद्धिन अन्सारी नेपाली कांग्रेसमा प्रवेश गरेका छन् । उनी वीरगञ्ज महानगरपालिकामा एमालेका तर्फबाट प्रमुखका उम्मेदवार रहेका थिए । गगनकुमार थापा कांग्रेसको नेतृत्वमा आएपछि आफू पुरानै घर फर्किएको बताएका छन्।



उनले थापा नेतृत्वमा आएपछि कांग्रेस एकढिक्का भएको र त्यसपछि आफू आफ्नो पुरानो घर नेपाली कांग्रेस फर्किएको बताए। 'म कांग्रेस प्रवेश गरेको होइन, पुरानो घर फर्किएको हुँ। अहिले गगन थापा नेतृत्वमा आएपछि कांग्रेस एकढिक्का भएको छ, कांग्रेस देशकै नयाँ र ऊर्जाशील दल बनेको छ। त्यस कारण म पुरानो घर फर्किएँ' अन्सारीले भनेका छन् ।

उनले नवयुवा (जेन-जी)को गत भदौ २३ र २४ को आन्दोलनपछि सबैभन्दा ठूलो परिवर्तन कांग्रेसमा नै भएको पनि दाबी गरेका छन् । 'योभन्दा ठूलो परिवर्तन अरू दलमा भएको छैन। मधेश प्रदेशमा कांग्रेसलाई अब कसैले हराउन सक्दैन, विगतमा कांग्रेसीकै कारण कांग्रेस उम्मेदवार हारेका थिए' उनले थपे, 'तर यस पटक गगन थापा सभापति भएपछि कांग्रेसको अन्तर्घात हटेको छ। कांग्रेसमा परिवर्तन आयो। अहिले सबै कांग्रेसी एकढिक्का भएका छन्। एकढिक्का भएको कांग्रेसलाई हराउन सक्ने क्षमता कसैको छैन।' उनले पर्सामा क्षेत्र नम्बर १ देखि ४ सम्म कांग्रेसको जित सुनिश्चित रहेको पनि दाबी गरेका छन् । यसैगरी बारा क्षेत्र नम्बर १ मा नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टी, जसपा र रास्वपा पार्टी परित्याग गर्दै दुई दर्जनभन्दा बढी कांग्रेसमा प्रवेश गरेका छन् । बारा क्षेत्र नम्बर १ मा कांग्रेसका उम्मेदवार शम्भु बुढाथोकी र सिम्रौनगढ नगरपालिकाका पूर्वप्रमुख तथा बारा क्षेत्र नम्बर १ का क्षेत्रीय सभापति विजयशंकर यादवले गत शुक्रबार आदर्श कोतवाल गाउँपालिकामा आयोजित एक कार्यक्रममा उनीहरूलाई कांग्रेसमा स्वागत गरेका हुन् । कांग्रेस नवप्रवेशी सन्तोषकुमार गुप्ताले कांग्रेस जनताको सुख दुःखमा साथ दिने पार्टी भएकाले आफूले कांग्रेस रोजेको बताए । 'कांग्रेसले मधेशका लागि दिएको योगदान हजुरबुबा र बाहरूले सुनाउनु भयो, अहिले गगन थापा सभापति भएपछि कांग्रेसमा थप ऊर्जा देखियो, जनताको सुख दुःखमा साथ दिने पार्टी भएकाले मेरो झुकाव कांग्रेसप्रति रह्यो र कांग्रेस रोजेँ' जेन-जी युवा गुप्ताले भनेका छन् । नेपाली कम्युनिष्ट पार्टी परित्याग गरेका प्रेमलाल साहले पनि गरिब दुःखीहरुको सहारा कांग्रेस भएकाले आफू कांग्रेसमा आएको सुनाए ।सन्तोष र प्रेमलालसँगै सो गाउँपालिकाका रमेश साह, महादेव साह, श्रीचन साह, सिकेन्द्र साह, धर्मेन्द्र साह, मोहित साह, उदय साह, जोकु ठाकुर, मेघनाथ साह, मोहन साह लगायत दुई दर्जन व्यक्ति कांग्रेस प्रवेश गरेका बताइएको छ ।

उता, दोलखाको विगु गाउँपालिकामा एमाले र नेपाली कम्युनिष्ट पार्टी परित्याग गरी कांग्रेसमा प्रवेश गर्नेहरूको ठूलो लहर चलेको छ। विगु गाउँपालिका-७, मायासिंहमा आयोजित एक विशेष कार्यक्रमका बीच एमाले नेता अक्कलबहादुर मगरको नेतृत्वमा उल्लेख्य संख्यामा नेता तथा कार्यकर्ताहरू कांग्रेसमा प्रवेश गरेका हुन् । उनीहरूलाई दोलखाकाकांग्रेसका उम्मेदवार अजयबाबु शिवाकोटी र समानुपातिक उम्मेदवार छिरिङ डोल्मा शेर्पाले खादा र माला लगाएर पार्टीमा स्वागत गरे । यसरी कांग्रेस प्रवेश गर्नेहरूमा लम्छुती शेर्पा, राबहादुर थामी, विल माया थामी, उर्मिला थामी, हर्की थामी, धनमाया थामी, कविता थामी, शर्मिला थामी, सुखीमाया थामी, सर्कीनी थामी र प्रमिला थामी लगायत रहेका छन् ।

त्यसैगरी साङा शेर्पा, साङ्वो शेर्पा, प्रेमप्रसाद थामी, सुखजीत थामी, रविन थामी र आङकर्साङ शेर्पाले पनि एमाले परित्याग गरी कांग्रेसको सदस्यता लिए । यसअघि बुधबार मात्रै विगुका एमाले उपाध्यक्ष शेषनारायण श्रेष्ठसहितको ठूलो टोली कांग्रेसमा समाहित भएको थियो।

# एमालेका जिल्ला 'अध्यक्ष' नै कांग्रेसमा

रसुवा/ रसुवा जिल्लाबाट नेकपा (एमाले) का पूर्वअध्यक्ष तथा संविधानसभा सदस्य जनार्दन ढकालसहित झण्डै सय नेता-कार्यकर्ता नेपाली कांग्रेसमा प्रवेश गरेका छन् ।कांग्रेसका सभापति गगनकुमार थापाले उनीहरूलाई पार्टी सदस्यता प्रदान गर्दै औपचारिक रूपमा स्वागत गरेपछि अहिले उनीहरु कांग्रेसलाई जिताउन खटिन थालेका छन् ।

यसरी प्रवेश गर्ने नेता-कार्यकर्ता जिल्ला, पालिका र वडा तहका पदाधिकारी, सचिवालय सदस्य, भ्रातृ संगठनका युवा प्रतिनिधि तथा खेलकुद र सामाजिक संस्थाका पूर्व सदस्यहरूबाट बनेको समूह रहेको बताइएको छ ।

एमालेका स्थानीय तहका अध्यक्ष, उपाध्यक्ष, सचिव र कमिटी सदस्यहरू, युवा संघ र अनेरास्ववियुका जिल्ला तथा पालिकास्तरीय पदाधिकारीहरू साथै खेलकुद महासंघका जिल्ला र केन्द्रीय पूर्व सदस्यहरू पनि रहेका छन् । उनीहरूमध्ये धेरै लामो समय एमालेमा सक्रिय भएर नेतृत्व र प्रशासनको अनुभव हासिल गरेका हुन् ।

रसुवामा भएको यो सामूहिक प्रवेशसँगै कांग्रेसले अन्य जिल्लामा पनि संगठन सुदृढीकरण अभियान तीव्र पार्ने संकेत दिएको छ ।

# एमालेका पूर्वमन्त्री र रास्वपाका राणा कांग्रेसमा

काठमाडौं/ पूर्वमन्त्री रामवीर मानन्धर नेकपा (एमाले) छाडेर कांग्रेसमा प्रवेश गरेका छन्। उनी २०७४ सालमा निर्वाचित सांसदको रूपमा राजनीतिक अनुभव हासिल गरेका थिए । उनी पूर्वमन्त्री समेत हुन् । काठमाडौं क्षेत्र नं.७ का नेता मानन्धरको उक्त क्षेत्रमा राम्रो प्रभाव रहेको बताइएको छ। मानन्धरको प्रवेशसँगै उक्त क्षेत्रमा कांग्रेसमा उत्साह थपिएको बताइएको छ।



काठमाडौं क्षेत्र नम्बर ५ मा रास्वपाका प्रतिनिधि सभा सदस्य टिकट आकांक्षी एवं केन्द्रीय गुनासो विभाग प्रमुख प्रणयशमशेर राणा र नेपाल कम्युनिष्ट पार्टीका केन्द्रीय समिति सदस्य दीपक के.सी.पनि कांग्रेसमा प्रवेश गरेका छन् ।

द्वन्द्व व्यवस्थापनमा विद्यावारिधि गरेका राणा यसअघिको प्रतिनिधि सभा निर्वाचनमा सोही क्षेत्रबाट रास्वपाका उम्मेदवार थिए । २०७९ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा राणाले ५,४७७ मत प्राप्त गरेका थिए । रास्वपामा टिकट वितरणको पद्धतिमा प्रश्न उठाउँदै आएका राणाले केही दिनअघि पार्टीमा विधि र पद्धति मिचिएको भन्दै रास्वपा छाडेका थिए । रास्वपाको स्थानीय संगठनमा बलियो पकड बनाएका राणाको रास्वपा परित्याग र कांग्रेस प्रवेशले काठमाडौं ५ को निर्वाचनमा कांग्रेसलाई लाभ हुने विश्वास गरिएको छ ।

यसैगरी कामनपा ३ मा बलियो प्रभाव रहेका भनिने समाजवादी पार्टीका केन्द्रीय सदस्य के.सी. विगतमा वडाध्यक्ष रहिसकेका छन् । वडामा प्रभावशाली के.सी.को कांग्रेस प्रवेशले संगठनात्मक रुपमा कांग्रेसलाई लाभ हुने ठानिएको छ ।

यसैगरी पूर्वमन्त्री रामवीर मानन्धर कांग्रेसमा प्रवेश गरेसँगै काठमाडौं क्षेत्र नं.७ मा कांग्रेसको राम्रो अवस्था आएको बताइएको छ । पूर्वमन्त्री एवं पूर्वकेन्द्रीय सदस्यसमेत रहेका मानन्धर २०७४ सालमा निर्वाचित सांसद हुन् । यसअघि २०४९ सालमा उनले वडा नम्बर १६ का वडाअध्यक्षको जिम्मेवारी सम्हालेका थिए ।

# बाराका रास्वपा संगठन प्रमुखको राजीनामा

बारा/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मधेश प्रदेशका संस्थापक सदस्य तथा बारा जिल्लाका सह-सचिव एवं संगठन प्रमुख पवन चौधरीले पार्टीबाट राजीनामा दिएका छन्।उनले साधारण सदस्यसमेत नरहने गरी राजीनामा दिएका हुन्।

चौधरीले पार्टीको 'राजनीतिमा युवा पुस्ता आउनुपर्छ' र 'जान्नेलाई छान्ने' भन्ने मूल



नाराबाट प्रेरित भई आफू पार्टीमा आबद्ध भएको तर आसन्न फागुन २१ गतेको निर्वाचन प्रक्रियासम्बन्धी पार्टीले अवलम्बन गरेको पद्धति, निर्णय तथा कार्यशैली स्थापनाकालीन मूल्य, पार्टी विधान र सार्वजनिक प्रतिवद्धताभन्दा विपरीत रहेको अनुभव गरेको उनको भनाइ छ।

# कन्सल्टेन्सीलाई दोष नथोपर्न इक्यानको आग्रह

काठमाडौं/ नेपाल शैक्षिक परामर्श संघ (इक्यान)ले वैदेशिक अध्ययनका क्रममा उत्पन्न हुने व्यक्तिगत कारणका आधारमा कन्सल्टेन्सीमाथि 'ठगी' जस्ता अभियोग लगाई धरपकड गर्नु कानूनी र व्यावसायिक दृष्टिले न्यायसंगत नभएको जनाएको छ ।

सोमबार पत्रकार सम्मेलनमार्फत संघले विज्ञप्ति जारी गर्दै विद्यार्थीले विदेशी भूमिमा अध्ययन प्रारम्भ गरि सकेपछि व्यक्तिगत परिस्थिति, वातावरणीय असहजता वा निजी निर्णयका कारण स्वदेश फर्किन चाहँदा त्यसको सम्पूर्ण दोष परामर्शदातालाई थोपर्ने प्रवृत्ति बढ्दो रहेको उल्लेख गरेको छ ।




संघका अनुसार पछिल्ला वर्षहरूमा संयुक्त अरब इमिरेट्स (UAE) नेपाली विद्यार्थीका लागि सर्वसुलभ, पहुँचयोग्य र उच्च सम्भावनायुक्त शैक्षिक गन्तव्यका रूपमा विकास हुँदै आएको छ। शैक्षिक परामर्शदाताहरूले विद्यार्थी र सम्बन्धित कलेजबीच समन्वय तथा सहजीकरणको भूमिका निर्वाह गर्ने गरेको र प्रचलित नियमअनुसार निश्चित सेवा शुल्क लिने गरिएको इक्यानको भनाइ छ ।

इक्यानले अध्ययन शुल्क भुक्तानी प्रक्रियामा नेपालको बैंकिङ प्रणाली अनिवार्य प्रयोग गर्दै राज्यलाई तीन प्रतिशत शिक्षा सेवा कर तिर्ने गरिएको स्पष्ट पारेको छ। विद्यार्थीले अध्ययन शुरु गरिसकेपछि उत्पन्न हुने व्यक्तिगत जीवनशैली, आवास व्यवस्थापन, वैदेशिक रोजगारीको उपलब्धता वा अन्य निजी व्यवस्थापनसम्बन्धी विषयहरू परामर्शदाताको प्रत्यक्ष नियन्त्रण वा कानूनी क्षेत्राधिकारभित्र नपर्ने संघको जिकिर छ ।

विज्ञप्तिमा भनिएको छ, "यदि कन्सल्टेन्सीले भ्रामक सूचना दिएको, झुटा कागजात पेस गरेको वा सिफारिस गरेको कलेज भौतिक रूपमा अस्तित्वमा नरहेको प्रमाणित भएमा सम्बन्धित संस्थाले पूर्ण जिम्मेवारी वहन गर्नुपर्छ ।त्यस्तो अवस्थामा प्रचलित कानूनअनुसार कारबाही भोग्नुपर्छ। व्यक्तिगत कारणका आधारमा सम्पूर्ण दोष कन्सल्टेन्सीलाई थोपर्नु उचित होइन ।"

संघले नेपाल सरकारको आधिकारिक संवैधानिक तथा प्रशासनिक संयन्त्रबाट उपयुक्तता परीक्षणपछि वैदेशिक अध्ययन अनुमतिपत्र (एनओसी) स्वीकृत हुने प्रक्रियामा परामर्शदाताहरूले सहजीकरण मात्र गर्ने जनाएको छ। राज्यले नै वैध मानेको प्रक्रियामा सहभागी व्यवसायीहरूमाथि मात्रै एकलौटी रूपमा दोषारोपण गर्नु विद्यमान नियामक संरचना र सरकारी निर्णयमाथिकै अविश्वास भएको इक्यानको ठहर छ ।

यसै सन्दर्भमा संघले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोलाई कुनै दबाब वा पूर्वाग्रह बिना निष्पक्ष, तथ्यपरक र प्रमाणमा आधारित अनुसन्धान गर्न आग्रह गरेको छ।इक्यानले ग्लोबल एजुकेशन मोबिलिटीलाई विश्वका विकसित राष्ट्रहरूमा दीर्घकालदेखि स्थापित अभ्यासका रूपमा उल्लेख गर्दै नेपालजस्तो विकासोन्मुख राष्ट्रका लागि यसलाई रणनीतिक तथा रूपान्तरणकारी अवसरका रूपमा लिनुपर्ने धारणा राखेको छ। विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्षम, नवप्रवर्तनशील र विश्वस्तरको दक्ष जनशक्ति उत्पादनका लागि पारदर्शी र उत्तरदायी 'अब्रोड एजुकेशन इकोसिस्टम' निर्माण अपरिहार्य रहेको संघको भनाइ छ ।

संघका अनुसार उक्त इकोसिस्टमको सफलताका लागि सरकार, नियामक निकाय, शैक्षिक परामर्श संस्था, गन्तव्य देशका शैक्षिक संस्थान, विद्यार्थी र अभिभावकबीच समन्वित सहकार्य आवश्यक छ। यस प्रणालीलाई निरुत्साहित गर्नु भनेको देशलाई आधुनिक ज्ञान, प्रविधि र विश्वव्यापी अवसरबाट टाढा धकेल्नु हुने इक्यानको निष्कर्ष छ।

संघले सदस्य संस्थाहरूलाई विद्यार्थी तथा अभिभावकसँग गरिने हरेक संवादमा पूर्ण पारदर्शिता कायम गर्न निर्देशन दिएको जनाएको छ। कन्सल्टेन्सी र विद्यार्थीबीच हुने सहजीकरणलाई कानूनी रूपमा सुरक्षित र स्पष्ट बनाउन लिखित सेवा-सम्झौता अनिवार्य गरिएको तथा सेवा शुल्क संरचनालाई पारदर्शी र व्यवस्थित बनाउन स्पष्ट नीति कडाइका साथ लागू गरिएको इक्यानले जनाएको छ ।

विद्यार्थीलाई अतिरिक्त क्रियाकलाप गराउनु परे
हामीलाई सम्झिनु होस्

स्कूल तथा कलेजमा अध्ययरत विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापहरु जस्तै :

- हस्तलेखन
- कथालेखन
- नाटकलेखन तथा नाटकको प्रस्तुति
- गायन तथा संगीत
- चित्रकला
- कानूनी ज्ञानहरु
- पत्रकारिताको जानकारी
- उद्घोषण कला
- नाच्ने कला



आदिको ज्ञान दिलाउन चाहनु हुन्छ भने हामी त्यसको व्यवस्थापनको लागि तयार छौं ।
हामी तपाईहरुको विद्यालय तथा विद्यार्थीहरुका लागि सबै खाले तालिम, कार्यशाला संचालन गरी तपाइँहरुको आवश्यकता अनुसारका प्याकेजहरु तपाईहरुको अनुकुल समयमा हामी सेवा दिन तयार छौं।

सम्पर्क नं.९८१८६७००८८

क्रियटिभ सेन्टर नेपाल प्रा.लि.

काठमाडौं-११

Considering studying or working aboard?
Come to Joy International Language Institute

for all levels of
English and Spanish Language Classes

including IELTS, PTE, TOEFL
Improve your conversation skills speaking with a native speaker.

Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)

Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com



लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

विदेशमा रहेका विद्यार्थीका अभिभावकलाई जानकारी
तपाईका सन्तान विदेशमा पढ्दैछन् ?
तपाईका सन्तान विदेशमा पढ्न जाँदैछन् ?
तपाई आफ्ना सन्तानलाई विदेशमा पढाउन लागि रहनु भएको छ ?
यदि माथिको कुनै पनि अवस्थामा तपाईहरु हुनुहुन्छ भने नेपालमा रहेका आमाबुबा वा अभिभावकका लागि भनी नेपालमा संस्था (मुनाफा वितरण नगर्ने कम्पनी) खोलिएको छ। तपाईहरु पनि जोडिए सहकार्य गर्न सक्नुहुनेछ।
त्यसका लागि
सम्पर्क नं.९८१८६७००८८ (अध्यक्ष)
इन्टरनेशनल स्टुडेन्ट्स प्यारेन्ट वेलफेयर सेन्टर नेपाल
काठमाडौं–११, बबरमहल

# प्राचीन हिन्दु संरचनाको: इन्डोनेसियाको बाली

**विष्णु गिरी 'निश्चल'**

हरेक घुमफिरले मानिसको जीवनलाई फरक मार्गमा लैजाने र सिक्ने अवसर प्रदान गर्छन् तर यसको लागि भ्रमणलाई उद्देश्यमूलक र योजनाबद्ध बनाउनु जरुरी हुन्छ/। अहिले बाली नेपालीजनको लोकप्रिय भ्रमण गन्तव्य बनेको छ। नेपालीजन विशेषतः बिदा मनाउन, हनिमुन मनाउन, परिवारसँग भ्रमण गर्न र रमाइलो गर्नका लागि बाली जाने गरेका छन्।

कामको सिलसिलामा पर्वतमा रहेको बेला साथीले फोन गरेर पासपोर्टको कपी माग्नु भयो मैले पनि केही नभनी कपी पठाइदिएँ। पछि थाहा भयो हामी इन्डोनेसियाको बाली जाने रहेछौं। हाम्रो १० जनाको समूह बन्यो, त्यसमा एकजना काम परेर जान भ्याउनु भएन हामी ९ जना फागुन १ गते राति काठमाडौंबाट थाइल्याडको बैकक शहरमा विमान परिवर्तन गरेर बाली शहर पुग्यौं। मैले भने धेरै देशको भ्रमण गरेकोले खासै नौलो लागेको थिएन तर समूहमा केही साथी भने पहिलो पटक बैदेशिक यात्रामा जादै हुनुहुन्थ्यो उहाँहरुमा छुट्टै खालको उत्साह थियो।

हामी विमानस्थलबाट अध्यागमन पार गर्ने बेला त्यहाँ कुनै मानिस थिएनन्। प्रविधिको उच्च्तम प्रयोग गरिएको थियो। हामीले मेसिनबाट आफैं पासपोर्ट स्क्यान गऱ्यौं र आफैं फोटो खिचरे आफैंले अध्यागमनले गर्ने काम गरेर बाली पुग्यौं। हामी पनि साथीहरुबीच रमाइलो गर्न र रिफरेसमेन्टलाई लागि भने पनि हस्पीटालीटि क्षेत्रमा काम गर्ने साथीहरु भएकोले केही कुराहरु सिक्न र बुझ्ने भित्री उद्देश्य लिएर बाली पुगेका थियौं। विमानस्थलबाट हामी सिधै होटल पुग्यौ तर होटलको व्यवस्थापन हेर्दा हाम्रो भ्रमण खल्लो होला कि भन्ने आंशका भए पनि होटलले पछि हामीले चाहे अनुसारकै व्यवस्थापन गऱ्यो।

विश्वमा सबैभन्दा धेरै मुसलमान बसोबास गर्ने मुलुक इण्डोनेशिया हो। बाली शहर चाहिँ हिन्दुबहुल समुदायको बसोबास भएको शहर रहेछ। यात्राका क्रममा त्यहाँ पनि वर्णव्यवस्था अनुसारका संस्कार र व्यवहार चलनचल्तीमा रहेको कुरा थाहा भयो। त्यहाँका चोकहरूमा ऋषि व्यासले महाभारतमा व्याख्या गरेका पात्रहरूका सालिक देखिन्छन्। कतै अर्जुन, कतै कृष्ण र अर्जुनका कुरुक्षेत्रमा संवाद गरेका बेलाको दृश्य दर्शाउने सालिकहरू थिए। बालीको 'कुता' समुन्द्री किनार र बाटामा पर्ने तीनवटा जति मन्दिर यात्राका क्रममा घुमियो। त्यहाँ मन्दिर क्षेत्र प्रवेश गर्दा शरीरका भाग अनिवार्य रूपमा छोप्नुपर्ने रहेछ। हामी पुगेका मन्दिरहरूमा त्यहाँ उपलब्ध लुङ्गी लगाएर मन्दिर परिसर भ्रमण गर्यौं।

त्यहाँका मन्दिरहरू प्यागोडा शैलीकै भए पनि हाम्रो नेपालका मन्दिरहरूमा भन्दा धेरै तला भएका र अग्ला पनि देखियो। केही कुरा सिक्नको लागि, अनुभव गर्नको लागि र खोज अनुसन्धानको लागि मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा जाने पुरानो चलन हो। अहिले मुख्यगरी रमाइलोको लागि र मानसिक शान्तिको लागि मानिसहरू घुमफिर गर्ने गर्छन्। कुनै कामले कतै गइरहँदा अनि आफ्नो पेशा, व्यवसाय, बैठक, गोष्ठीको लागि पुग्दा पनि घुमफिर भैरहेको हुन्छ/। घुम्नकै लागि एक ठाउँदेखि अर्को ठाउँमा जाँदा होस् वा अन्य उद्देश्यले फरक ठाउँमा जाँदा मानिसहरूले धेरै कुरा देख्न, जान्न, सिक्न र महसुस गर्न सक्छन्।

अहिले घुमफिरलाई रमाईलो गर्ने र समय कटाउने अवसरको रूपमा मात्र लिने गरिएको छ। धेरै मानिसहरू भ्रमणबाट फर्किएपछि त्यो ठाउँमा बेकारमा गएछु भन्ने ठान्ने, भ्रमणलाई तस्विरमा मात्र सीमित राख्ने र भ्रमणबाट कुनै फाइदा लिन नसक्ने देखिन्छ। हरेक घुमफिरले मानिसको जीवनलाई फरक मार्गमा लैजाने र सिक्ने अवसर प्रदान गर्छन्



तर यसको लागि भ्रमणलाई उद्देश्यमूलक र योजनाबद्ध बनाउनु जरुरी हुन्छ।

इन्डोनेसियाका मानिसहरू एकदमै मित्रैलो, धीरजी, शिष्ट र अतिथि-सत्कार गर्नेहरू भनेर चिनिन्छन्। इन्डोनेसियाका मानिसहरू सामान्यतया भात, मसलादार परिकार र फलफूल खाने गर्छन्। हामीले बाली भ्रमण गर्दा बाटोको राम्रो अवस्था, सवारी साधनको उपलब्धता र असमय सवारी रोकिने जोखिम कम भएका कारण बालीमा आएका पर्यटकलाई समयको सदुपयोग गर्न र घुम्न धेरै सोचविचार गरिरहनु नपर्ने महसुस भयो। कतै सवारी रोकिएला, जाममा परिएला र भ्रमण तालिका बिग्रिएला भन्ने कुराको चिन्ता लिनुपर्ने अवस्था देखिएन।

बालीस्थित उलुवातु मन्दिरलाई प्राचीन हिन्दु संरचनाको उच्चतम नमुनाको रूपमा लिन सकिन्छ। उता, दोस्रो-तेस्रो शताब्दीतिर नै बौद्धधर्मको प्रवेश भइसकेको र आठौं-नवौं शताब्दीतिर आइपुग्दा भने बौद्धकला-संस्कृतिले पनि इन्डोनेसियाली समाज प्रभावित नै हुन पुग्यो। बाली नगर परिक्रमा गर्दा लाग्छ, हिन्दुधर्म-कला-संस्कृतिको यो एक मौलिक संग्रहालय नै हो। धार्मिक-सांस्कृतिक परम्परामा निरन्तरता, विभिन्न माध्यमबाट जलक्रीडा, साहसिक पर्यटन, मुँगाको प्रचुरता, योगा-ध्यानसाधना आदिले दक्षिणपूर्वी एसियाली राष्ट्रका नगरहरूको सूचीमा बाली द्वीपको स्थान अग्रणी रहेको महसुस हुन्छ।

कुनै मन्दिरका सिँढीमा दायाँ-बायाँ आधा दर्जनभन्दा बढी पनि हनुमान वा सिंहजस्ता पशुका मूर्ति राखिएका र कुनै प्रतिमाको घाँटीको खण्ड कपडाले ढाकिएको देख्न सकिन्छ। बालीका मन्दिर संरचनामा मिहिनरूपमा कारिगरी झल्किन्छ भने कतिपय मन्दिरको छानामा स्थानीय झिगटी को प्रयोग छ। यता कतिपय मन्दिरमा घन्ट, ध्वजापताका, गजुर, छत्र आदिलाई भने देख्न सकिन्न। देवतालाई चढाउने पूजा सामग्रीमा चुरोटसमेत–देवीदेवताको मन्दिर-प्रतिमाको नजिक घरको प्रवेश द्वारमा पूजा भइरहेको देख्न सकिन्छ। पूजा सामग्रीमा प्रायः एक खिल्ली चुरोट पनि चढाएको भेटिन्छ। केराको पातमा चढाइने अन्य पूजा सामग्रीमा धूप, रंगीचंगी फूल, चक्लेट, अक्षता, तेल, बिस्कुट, भात, तरकारी र दूबोजस्तो देखिने पाण्डानआरुम आदि देखिन्छ।

२७ करोड जनसंख्या रहेको इण्डोनेशियामा बहुसंख्यक मुस्लिम समुदायका मानिस छन्। यो विश्वकै मुस्लिम समुदाय सबैभन्दा बढी रहेको राष्ट्र हो। तैपनि यस मुलुकलाई 'विविधतामा एकता' को सूत्रका रुपमा सबैले आत्मसात गरेको पाइन्छ। भारतीय, चिनियाँ तथा विशेष गरी हिन्दू संस्कृतिबाट अनुप्राणित बाली पुग्दा नेपालीजनले अपनत्व महसुस गर्ने थुप्रै कुराहरू पाउन सक्छन्। समुद्रले नछोएको देश नेपालका नागरिकले बाली टापुमा गएर नयाँ एवं अविस्मरणीय अनुभव सँगाल्न सक्छन्। बाली जंगल, ज्वालामुखी पहाडहरू, समुद्री तट र कोरल चट्टानहरूको लागि पनि प्रसिद्ध छ। दक्षिणमा कुटाको समुद्रीतट शहरमा बारहरू छन्। बालीमा सेमिन्याक, सानुर, नुसा दुआजस्ता लोकप्रिय रिसोर्टहरू छन्। बालीमा धार्मिक ठाउँहरू पनि थुप्रै छन्। चट्टान उलुवाटु मन्दिर यहाँको एक चर्चित मन्दिर हो। त्यस्तै गरी बालीका अन्य आकर्षक पर्यटकीय ठाउँहरू कुटा, सेमिनयाक, गरुड विष्णु, केन्काना स्मारक, तनाह लट टेम्पल, बेसाकी टेम्पल, पेमुतेरान, कुता बिच, जिम्बारान बिच, लोभिना बिच, लिम्पुयाङ्ग मन्दिर, गेट्स अफ हेभन, तेगालाङ्ग राईस टेरेस, उबुद मंकी टेम्पल, सनसेट डिनर क्रुज, कुता नाइट मार्केट, किन्तामणी टुर, उबुद मंकी फरेस्ट आदि छन्।

अहिले बाली नेपालीको लोकप्रिय भ्रमण गन्तव्य बनेको छ। नेपालीजन विशेषतः बिदा मनाउन, हनिमुन मनाउन, परिवारसँग भ्रमण गर्न र रमाइलो गर्नका लागि बाली जाने गरेका छन्।

बैदेशिक यात्रा गर्दा भ्रमणको उद्देश्य, रुची, छनौट, आत्मियता, खर्चमा साझेदारी गर्ने बानी, विचारमा समानता जस्ता कुराहरूको आधारमा सहयात्री छनौट गर्नुपर्छ/। भ्रमण मनोरन्जनको लागि, मानसिक शान्तिको लागि, शैक्षिक वा व्यापारिक प्रयोजनको के को लागि हो। सबै काम एउटै भ्रमणमा गर्न खोजियो भने भ्रमण बोझिलो र अनुत्पादक हुन सक्छ।

पछिल्लो समय नेपाली ट्राभल्स कम्पनीले पछिल्ला वर्षहरुमा इण्डोनेशियाको बाली, सिङ्गापुर, मलेशिया र थाइल्याण्डका लागि 'टुर प्याकेज' हरु बनाएर लैजाने गरेको पाइएको छ। नेपालको इन्डोनेसियासँग २५ डिसेम्बर १९६० मा राजदूतस्तरमा दौत्य सम्बन्ध कायम रहेको छ।

OFFICIAL ANNOUNCEMENT
Sanskriti
Society for Art & Cultural Development
SANJHI SANSKRITI FOUNDATION
We would like to inform all filmmakers, delegates, partners, and cinema lovers
8वां हरियाणा अंतर्राष्ट्रीय फिल्म महोत्सव
HARYANA INTERNATIONAL FILM FESTIVAL
"सिनेमा से सरोकार, संस्कृति से प्यार"
has been rescheduled to
25-28th March 2026 at Kurukshetra University Kurukshetra
Country Partner
Kingdom of Morocco
Associate Partner
ROQEY
STAGE
Modesto
नाम है विश्वास का...
For more details contact :87360-10000
hiffindia@gmail.com

KEEN
SMART LIVING
SPECIAL PROMO
You automatically lose the chances you don't take.
keen product
20% Off
Buy Now
keentelevision.com
दूर दृष्टि डिजिटल प्रा. लि.
सम्पर्क: मनिषजी मो.नं.९८५१३६०६२१

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# जनरल विश्वबन्धु थापाको जीवनरेखा

सुब्बा पद्मजङ्ग थापा र दुर्गाकुमारीका छोरा विश्वबन्धु थापा १९८४ साल भदौ २४ गते भारतको बिहार प्रान्तको दीपनगरमा जन्मेका थिए। चन्द्रशमशेर राणाको हरेक कृत्यको समर्थन नगरेबापत पद्मजङ्गले देश छोड्न बाध्य हुनुपरेको थियो। त्यसैले विश्वबन्धु थापाको कखरा पनि भारतमा नै भयो। १९९० सालमा जुद्धशमशेरको माफी पाएर उनका बुबाआमा छ वर्षका विश्वबन्धु चेपेर नेपाल फर्केका थिए। त्यसपछि विश्वबन्धुले स्कुलस्तरको विद्या विराटनगरमा नै आर्जन गरे।

विश्वबन्धु थापा बाल्यकालदेखि नै तीक्ष्ण थिए। सानैमा उनी बौद्धिक तर्क गर्थे। किशोर चेतनामा आएपछि उनी भन्थे– 'नेपालमा राणाहरूको अन्त्य हुनुपर्छ। त्यसपछि मलाई देशको योग्य नागरिक हुने मन छ।'

थापा युवावस्थादेखि नै राणाको विरोधमा कुर्लेका थिए। त्यसैले उनलाई राणाका सिपाहीले हतकडी लगाएर जेलमा राखेका थिए। त्यति बेला उनले चार महिनासम्म जेलको हावा खाएका थिए। प्रजातन्त्र आएपछि पनि उनी जेल पर। त्यहाँ उनले अनसन गरेपछि 'मर्छ भनेर' यिनलाई जेलबाट निकालिएको थियो।

थापाकै समेत सल्लाहले नेपाली कांग्रेस खोलिएको थियो। त्यसैको उत्थानका लागि उनी सक्रिय थिए। त्यति बेला यी वनारसमा आइका विद्यार्थी थिए। उनी विश्वेश्वरप्रसाद कोइरालाका अति विश्वासपात्र थिए। श्री ५ महेन्द्रले बहुदलीयतालाई अपदस्त गरेपछि उनी २०१७ सालदेखि पञ्चायत व्यवस्थालाई फुलाउन, फलाउन र हुर्काउन समर्पित थिए। वास्तवमा थापा नै पञ्चायत व्यवस्था भन्ने शब्दको परिकल्पनाकार थिए।


थापा राजा महेन्द्रका सारै ठूलो भक्त थिए, विश्वासिला थिए र प्रिय पात्र पनि थिए। २०२७ सालको कुरा हो– राजाले 'तिमीलाई प्रधानमन्त्री दिन्छु' भनेर विश्वबन्धु थापासमक्ष वाचा गरेका थिए तर उनी त्यो पदमा पुग्नै सकेनन्। वास्तवमा राजा महेन्द्रको स्वर्गारोहण उनका लागि राजनीतिक जीवन र मरणझैँ भएको थियो। तर पनि उनी राजनीतिमा कहिले निष्क्रिय भएनन्, हतोत्साही भएनन् र विचलित पनि हुँदै भएनन्। २०३६ सालको राष्ट्रिय जनमत सङ्ग्रहताका उनी बी.पी. कोइरालासँगसँगै पञ्चायतको विरोधमा लागेका थिए। बहुदललाई जिताउन त्यस बेला उनी साह्रै सक्रिय भए। भनौँ उनी बहुदलको प्रचारप्रसारमा रातोदिन खटे। अनि पञ्चायतले जितेपछि उनले घोषणा गरे– 'म सदाका लागि पञ्चायत पक्षमा लाग्ने छु। उनी पछिल्ला दिनमा पञ्चायतको प्राणजस्तै थिए। त्यसैले २०४२ सालको केन्द्रीय पञ्च भेलाको उनी निर्देशक र आयोजक नै भए।

आफ्नो मन भाँच्चिएपछि, चित्त नबुझेपछि र अन्यायमा परेपछि थापाले राजालाई घुर्क्याउँदै मनको भँडास पोख्थे। यिनका विविध कृत्यउपर केहीले यिनलाई औसरवादी राजनीतिज्ञ पनि भन्थे। त्यसबारेको प्रतिकार गर्दै नरेन्द्रराज प्रसाईले २०४१ सालमा 'अठतीस अनौठा अनुहार'नामक ग्रन्थमा लेखे– 'मेरो गोरुको बाहै टक्का'लाई राजनीति नमान्ने हो भने विश्वबन्धु थापाको प्रवृत्तिलाई प्रगतिशीलता भनिदिए फरक पर्दैन। समय र परिस्थितिअनुसार आफूलाई ढाल्न सक्ने थापामा कुशल र चतुर राजनीतिज्ञका गुणहरू सन्निहित छन्। जसले माने पनि र नमाने पनि विश्वबन्धु थापा राजनीतिक हलचल र गतिविधिमा एक चर्चित नाउँ हुँदै हो।'

थापा नेपाली शीर्षस्थ राजनीतिज्ञहरूमध्ये सुझबुझ राख्ने उच्चकोटिका प्रखर व्यक्तित्व थिए। तर उनलाई राजनीतिक भाग्यले भनेजस्तो साथ दिँदै दिएन। पञ्चायती व्यवस्थामा उनका दौराको फेर समाएर राजनीति गर्नेहरू प्रधानमन्त्री भए। अथवा भनौँ नगेन्द्रप्रसाद रिजाल, लोकेन्द्रबहादुर चन्द र मरीचमान सिंहहरूजस्ताले पनि प्रधानमन्त्रीको कुर्सीमा बस्न भ्याए। तर विश्वबन्धु थापालाई भने त्यस गद्धीसम्म पुर्याइएन। उनका बारेमा देशभक्त राजनेता कीर्तिनिधि विष्टले भनेका थिए– 'राजा महेन्द्रको कबुललाई राजा वीरेन्द्रले पालन गरेका भए विश्वबन्धु थापा प्रधानमन्त्री बन्थे। मैले पटकपटक राजा वीरेन्द्रलाई भनेकै पनि थिएँ– 'विश्वबन्धु थापालाई अन्याय भयो।' वास्तवमा पञ्चायती व्यवस्थामा विश्वबन्धु थापा र राजेश्वर देवकोटा भन्नु दूरदर्शी विचारका कुवेर थिए। तर राजदरबारले यी दुवै भाइको राजनीतिक जीवनलाई निमोठनामोठ पारेको थियो। त्यसैको परिणतिले '२०४६ सालदेखि देशले बहुदलीयता खेपेको हो र त्यसपछि पनि गणतन्त्रले नेपालीको भाग्य खोसेको हुँदै हो' भन्नेहरूको पनि नेपालमा अनिकाल लागेन।

राजाले थापाको छातीमा पहिलो दर्जाको गोखादक्षिणबाहु र त्रिशक्ति पट्ट टाँसिदिए। साथै मानको खातिर मान भनेर राजाले उनलाई शाही नेपाली सेनाको मेजर जनरलको उपाधि पनि दिएका थिए। तर उनले आफू बाँचुन्जेल जनरल लेखेनन्। २०४२ सालको कुरा हो– तक्मा र जर्नेलका प्रसङ्गको प्रश्नमा उनले किशोर नेपाललाई अगाडि राखेर नरेन्द्रराज प्रसाईलाई जवाफ दिएका थिए– 'काम गर्ने कालु मकै खाने भालुको अर्थ मभित्र लागू भएको छ क्यारे ! राजाबाट चाहिँ म भालु बनेको छु कि के हो ? राजालाई भालुको कान समाइराख्न पनि गाहो भयो र छाड्न पनि असजिलो भयो जस्तो छ।'

जनरल थापाले आफ्नो राजनीतिक जीवनरेखा सपार्न हरेक कसरत गरे। जनताको प्रियपात्र हुने हेतु उनी गाउँगाउँ पनि डुले। उनी नेपालभित्र जहाँ जान्थे, राजनीतिकै कारणले जान्थे। उनले नेपालका सम्पूर्ण जिल्ला भ्रमण गरेका थिए। साथै उनले संसारका प्रमुख देशको भ्रमण गरे।



थापाले २०१६ र २०१७ सालमा संयुक्त राष्ट्रसङ्घमा नेपालको प्रतिनिधिको रूपमा भाग लिएका थिए। राष्ट्रिय पञ्चायतको प्रतिनिधि मण्डलको अध्यक्ष भएर २०२० सालमा उनी चीन पनि गए। उनले माओ त्सेतुङसित हात मिलाएर दुवै देशको भलो हुने माओसमक्ष धेरै कुरा राखे। त्यति बेला उनीसित माओले भनेका थिए– 'राजा महेन्द्रलाई म कम्युनिस्ट नेता नै मान्छु।' चीनबाट फर्केपछि थापाले माओका स्तुति पनि गाए र आफ्नो विचार पनि राखे– 'चीनको कुरा बेग्लै हो। माओ महान् नेता हुन् तर साम्यवादी दर्शन नेपालमा फस्टाउन सक्तैन। साथै संसदीय व्यवस्था पनि एउटा हुल हो र यो जमघट मात्रै हो। नेपालमा संसदीय व्यवस्था अझै दुर्लभै छ। नेपालमा चाहिँ श्री ५ को सर्वोपरी नेतृत्वमा मात्र प्रजातन्त्र फस्टाउन सक्छ।'

थापा नेपाली राष्ट्रिय कांग्रेसका संस्थापक, नेपाली कांगेसका सदस्य, २००७ सालमा प्रजातन्त्र आएपछि बडाहाकिम, २०१५ सालमा प्रतिनिधि सभाका निर्वाचित सदस्य, नेपाली कांग्रेस पार्टीको महामन्त्री र प्रमुख सचेतक, नेपाल युवक सङ्गठनको प्रथम केन्द्रीय सभापति भए। २०२० सालमा गठित राष्ट्रिय पञ्चायतको उनी पहिलो अध्यक्ष भए। उनी पञ्चायत तथा गृहमन्त्री पनि भए।

थापा २०३४ सालमा गाउँफर्क राष्ट्रिय अभियानका प्रथम अध्यक्ष भए। गाउँफर्क पनि उनैको परिकल्पना थियो तर त्यहाँ उनलाई पञ्चले धेरै टिक्न दिएनन्। २०३५ सालको दशैँको कुरा हो– गाउँफर्कमा अध्यक्ष भएकै बेला उनले बी.पी. कोइरालाका हातको टीका लगाए। त्यसपछि पञ्चहरूको सशक्त विरोध राजा वीरेन्द्रले धान्न सकेनन् र उनलाई पदविहीन बनायो।

थापा साझा केन्द्रका अध्यक्ष पनि भए। साझाको परिकल्पना, अवधारणा र व्यवस्थापन पनि थापाकै थियो। उनैका चिन्तनले नेपालमा ७५ जिल्लाको प्रादुर्भाव भएको थियो। वास्तवमा उनले दिएका सुझाव राजा महेन्द्रका लागि अकाट्य हुन्थे।

थापाले बनारस हिन्दु विश्वविद्यालयमा पढे। उनले त्यहीबाट बीएसम्मको अध्ययन गरे। उनी सानैदेखि कविता लेख्थे। उनले धेरै कविता र गीत लेखे। उनका केही गीत रेडियो नेपालबाट पनि बजे। साथै उनका विचारोतेजक राजनीतिक लेख र संस्मरण पनि बराबर प्रकाशित हुन्थे। उनीद्वारा लिखित 'श्री ५ महेन्द्र र पञ्चायत' पञ्च कार्यकर्ताका लागि दिग्दर्शन नै थियो।

थापालाई पछिल्ला दिनको राजनीतिक गतिविधि पटक्कै मन परेन। त्यो दृश्यले उनीमा राजनीतिक निराशाले छायो। 'सत्तामा बस्नेहरू सक्रिय र इमानदार बने पुग्ने हो तर यहाँ त सत्ताधारीबाटै भ्रष्टाचार हुन थाल्यो' भन्ने थापाको भनाइ हुन्थ्यो। उनी भन्थे– 'कति राम्रो देश थियो तर नेता भनाउँदाले कति नराम्रो नेपाल बनाए।' थापा भ्रष्टाचारको घोर निन्दा गर्थे। 'त्यसै प्रवृत्तिले बहुदलीय प्रणाली र गणतन्त्र नै खराबमा रूपान्तर भयो। नेपाल आमाका कुपुत्रहरू नै सुपुत्रको दाबी गर्दै ठूलाठूला पदमा पुगे' भन्ने उनको गुनासो हुन्थ्यो। थापाले पहिलो पटक अठार वर्षको उमेरमा ज्योत्स्ना थापासित बिहे गरे। फेरि पछि उनले रुक्मिणी राणासित प्रीति गाँसे र उनलाई पनि सिन्दुर, पोते लगाएर घरमा हुले। राणाचाहिँ त्रिभुवन विश्वविद्यालयमा इतिहास विषयक प्राध्यापन गर्थिन्। वंश पुरुषका हकमा थापाका दुई जना छोरा जन्मे। एक जनाले 'बन्धु थापा'बाट नेपाली पत्रकारितामा इमान, शिष्ट र सरल भएर नाउँ चलाए। बन्धु थापाचाहिँ प्रजातन्त्रका कट्टर हिमायतीमा पनि चिनिए।

नेपाली राजनीतिमा सारै इमानदार, भद्र र कुशल नेता विश्वबन्धु थापा बाँचुन्जेल राजनीतिकै मन्थनमा केन्द्रित भए। उनी जताजता पुगेतापनि राजाकै वकालतमा समय निखार्थे। वास्तवमा उनको जिब्रोमा राजा, राजा र राजाकै मात्र एउटा छाप थियो। अनि देश शान्तिमय होस्, प्रजातान्त्रिक होस् र सफल होस् भन्ने उनको तीव्र चाहना थियो। ९९ वर्षमा हिँडिरहेकै बेला पनि उनले राष्ट्रको चौतर्फी विकास र जनताको सुक्खसमृद्धिको मात्र कामना गरिरहे। अन्ततः उनको शरीरले नै साथ दिन छाड्यो र उनी थला पर्दै गए। २०८२ फागुन २ गते काठमाडौँमा उनी स्वर्गीय भए। भनौँ त्यस दिन राजसंस्था र प्रजातन्त्रको हर्कुलस सधैँका लागि गुमेको थियो।

*(रातोपाटीबाट, तस्वीर समेत)*

## Be sure your sin will find you out

P. Pilgrim

In the past few weeks the newspapers have been filled with the Epstein files, a collection of documents obtained through searches at the home of Jeffery Epstein. This evil man, for many years was leading a double life. On the one hand he was an investor and a very important influencer in the world of finance. He was charismatic and charming. Over the course of several decades, he had cultivated an elite social circle of prominent individuals from across Western high society. No one was questioning him, it appeared that he was above suspicion. However, in July 2006 he was first arrested on charges of soliciting prostitution of a minor and this was the start of his fall from grace. The case came to light after a parent reported that he had sexually abused her 14-year-old daughter. When investigators looked into the matter, they were able to identify 36 girls between the ages of 14 and 17, whom Epstein had allegedly sexually abused. Epstein pleaded guilty and was convicted in 2008 by a Florida state court of procuring a child for prostitution and of soliciting a prostitute. He was convicted as part of a plea deal agreed by Alexander Acosta of the U.S. Department of Justice and was sentenced to 18 months in prison, serving 13 months.

Having been found guilty of such hideous charges you would have thought that his life would be in ruins. However, Epstein was a serial manipulator and liar and he convinced his associates that the case was lies and he hadn't really done anything wrong. Even though he had a criminal record he continued in his position of power and influence. Thankfully Epstein was arrested again on July 6, 2019, on federal charges for the sex trafficking of minors in Florida and New York and it was then the true depth of his depravity came to light. He took his own life in his jail cell on August 10, 2019, thus not permitting his victims the opportunity to see justice.

This past month the documents found at his home have been made available to the public. This has caused a change in the behaviour of his associates. Former USA president and his wife Bill and Hillary Clinton have agreed to testify in the congressional investigation into late sex offender on the 27th February. A royal prince in England has been stripped of his titles and arrested and bailed on charges of misconduct in public office. On Monday 23rd February a former Labour minister, peer and UK ambassador to the US was also arrested and bailed on charges of misconduct in public office. Many royal families across Europe, wealthy individuals like Elon Musk and Bill Gates have been exposed as friends even after his first conviction. Since these documents have been published, they have provided a public glimpse into the vast network he had cultivated over the late 20th and early 21st centuries. Anyone can be fooled by charismatic personalities but if you continue being fooled after evidence has exposed the truth then you must accept some responsibility for your actions.

This whole situation reminds me of the verse in the bible, Numbers 32 verse 23 '… behold, ye have sinned against the LORD: and be sure your sin will find you out'. Many of the rich and famous had previously denied contact with Epstein after his first trial but now the proof has been revealed in the documents that they had continued their association with him. Now they cannot hide what they have done wrong. The evidence speaks for itself. This is a warning to us all, God will bring to light the sins we have committed. No matter how well hid we think they are. The God who sees all, knows when to bring these things to light. Therefore, it behooves us all to walk in honesty and integrity.

pilgrimway101@yahoo.com






लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

# नयाँ विमर्श

Naya Bimarsha Weekly

## पराजुलीको ...

ठीक विपरीत अवस्था विकसित हुँदै गएको महसुस भयो,' पराजुलीले भने, 'सीमित व्यक्तिहरूको प्रभाव, चाकरीवाद, आलोचनालाई अस्वीकार गर्ने संस्कार तथा आन्तरिक लोकतन्त्र कमजोर हुँदै गएको अवस्थाले निराश बनायो।' मनहरी गाउँपालिका घर भएका पराजुली ६ मंसिर २०८१ मा भएको पार्टीको पहिलो जिल्ला भेलाबाट सर्वसम्मत रुपमा पुनः सभापति चयन हुनु भएको थियो।

पराजुली २०७९ को प्रतिनिधिसभा निर्वाचनमा मकवानपुरको क्षेत्र नम्बर २ बाट उम्मेदवार बन्नु भएको थियो। पराजुलीले १२ हजार ३९ मत ल्याएर तेस्रो बन्नु परेको थियो। यस क्षेत्रबाट नेकपा (एमाले) का महेश बर्तौला ३४,९१६ मत ल्याउँदै विजयी हुँदा कांग्रेसको समेत समर्थनमा तात्कालीन नेकपा (एकीकृत समाजवादी)का विरोध खतिवडाले ३०,३९६ मत पाउनु भएको थियो। २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार हुने तयारीमा रहनु भएका पराजुलीलाई रास्वपाले टिकट नदिएको बताइएको छ।

यसैबीच पराजुलीको कांग्रेसमा फिर्तीले कांग्रेस मकवानपुरमा उत्साह थपेको बताइएको छ।

यसैगरी रास्वपाका बागमती सभापति दिनेश हुमागाईं सर्लाही पुगेर कांग्रेसमा प्रवेश गर्नु भएको छ। यसअघि काभ्रेपलाञ्चोकमा रास्वपाबाट उम्मेदवार बनी १० हजारभन्दा बढी मत ल्याउनु भएका हुमागाईंले कांग्रेसका सभापति गगन थापाबाट सदस्यता लिनु भएको हो। उहाँ अहिले काभ्रेपलाञ्चोक जिल्लामा कांग्रेसका उम्मेदवारलाई विजयी बनाउन लागिपर्नु भएको बताइएको छ।

## विलासित ...

यी बस्तु विलासित हुन् भनेर थाहा हुँदाहुँदै लगानी गर्दा उनीहरु डुबेका छन्। अनि मान्छेले पढेरमात्र सबैथोक जान्दो रहेछ त ? यता, सहकारी डुबेको वर्षौं बितिसकेको छ। बढी ब्याजको प्रलोभनमा परेर मानिसहरुले सहकारीमा रकम राखेका थिए। एउटै व्यक्तिले ५० हजारदेखि १२ करोडसम्म निक्षेप सहकारीमा राखेको पाइन्छ। उनीहरुको आज रुवाबासी चलेको छ। देशभरका सहकारी डुबेका छन्।

सहकारी डुब्दा करोडौं बचतकर्ता डुबेका छन्। उनीहरुको खर्बौं रकम डुबेको छ। सरकारले सहकारीका १३ हजार ऋणीको सम्पत्ति जफत गर्ने तयारी गरिरहेको छ। यसबाट पनि बचतकर्ताको निक्षेप फिर्ता गर्न सकिने देखिँदैन। सहकारीले मुख्यतया घरजग्गा, गाडी र शेयर धितो राखेर कर्जा दिएको छ। यी बस्तुको किनबेच ठप्प छ।

अर्कोतिर मूल्य पनि निरन्तर घट्दो छ। यसले ऋणीको धितो जफत गरेपनि त्यसबाट बचतकर्ताको निक्षेप फिर्ता गर्न निकै गाह्रो छ। बुढोपाकाले भन्थे, 'चोक्टा खान गएकी बुढी झोलमै डुबेर मरी।' सहकारीका बचतकर्ताको हकमा यही भएको देखिन्छ। बढी ब्याज र अनेकौं प्रलोभनमा परेर सर्वसाधारणले सहकारीमा निक्षेप जम्मा गरेका थिए। विडम्बना, थोरै ब्याजको प्रलोभनमा पर्दा साँवा नै गुमाउनुपर्‍यो।

सहकारीसँगै लघुवित्त, फाइनान्स पनि डुबिसके। बैंकमा समेत संकट आइसकेको छ। यसको जिम्मेवार सरकार पनि हो। बैंक, वित्तीय संस्था सञ्चालनका निम्ति सरकारले लाइसेन्स दिएको हो। लाइसेन्स दिएपछि नियमन गर्नु सरकारको दायित्व हो तर सरकारले बेवास्ता गर्‍यो। बैंक, वित्तीय संस्थालाई मनलाग्दी कर्जा प्रवाह गर्न दियो। घरजग्गा, गाडी, शेयर, सुनजस्ता विलासित बस्तुमा लगानी गर्नबाट सरकारले रोकेन।

उल्टै यसबाट राजस्व थुप्रिएको देखेपछि सरकार मख्ख पर्‍यो। यिनै क्षेत्रलाई सरकारले राजस्वको स्रोत बनायो। जसका कारण आज मुलुककै अर्थतन्त्र धरापमा परेको छ। सरकारले उद्योगधन्दा, कारखाना, कृषिमा लगानी गर्न प्रोत्साहन गरेन। बैंक, वित्तीय संस्थाले दलालीसँग मिलेर कमिशन खाई यी क्षेत्रमा लगानी गरे। जनताले पनि मूल्य अकासिएको देखेर यसैमा लगानी गरे। आज सरकार, बैंक, वित्तीय संस्था, जनता सबै डुबेका छन्।

यदि घरजग्गा, गाडी, शेयर र सुनमा लगानी गर्नुको साटो उद्योग, कारखाना, कृषिमा गरिएको भए आज नेपाली रोजगारीका लागि विदेशिनुपर्ने थिएन। सँगै मुलुकको अर्थतन्त्र पनि मजबुत हुने थियो। हामी हरेक बस्तुमा आत्मनिर्भर हुने थियौं। अहिले नूनदेखि गुन्द्रकसम्मका लागि हामी विदेशीमा भर पर्नुपरेको छ। विदेशीले खाद्यान्न नपठाए हामी नेपाली भोकभोकै मर्नुपर्ने अवस्था आउनसक्छ।

अर्कोतर्फ, विदेशीले पठाएको खाद्यान्नका कारण नेपाली जनता रोगको सिकार बनिरहेका छन्। आफ्नो फाइदाका निम्ति विदेशीले विषादी हालेर खाद्यान्न उत्पादन गर्छन्। हामी त्यो कुरा थाहा हुँदाहुँदै खान्छन् किनकि हामीसँग अरु विकल्प छैन। यदि हामी 'खाद्यान्नमा आत्मनिर्भर हुन्थ्यौं भने विषादी हालिएको खाद्यान्न चर्को मूल्य हालेर किनी खान बाध्य हुने थिएनौं। खाद्यान्नमै हामीले खर्बौं रकम खर्चिनुपर्ने थिएन। सही क्षेत्रमा लगानी नगरेकै कारण मुलुक र जनताले यत्रो क्षति व्यहोर्नुपरिरहेको छ। यो त एउटामात्र उदाहरण हो।

अनुत्पादक र विलासित क्षेत्रमा लगानी गरेकै कारण धेरै क्षति हामीले खेपिरहेका छौं। अब यसबाट निस्कन धेरै गाह्रो छ किनकि देशभरका जनताको लगानी नै यिनै बस्तुमा पाइन्छ। घरजग्गा, गाडी र शेयर धितो राखेर सहकारीबाट ६३ लाख, लघुवित्तबाट २७ लाख र बैंकबाट २२ लाखले कर्जा लिएका छन्। सँगै मीटरब्याजमा लाखौं सर्वसाधारणले ऋण लिएका छन्। उनीहरुको पनि धितो यिनै बस्तु हुन्।

जनताले त बुझेनन्, जिम्मेवार संस्था बैंक, वित्तीय संस्थालाई समेत ज्ञान भएन। अझ भन्नुपर्दा यी संस्था घुसमा बिके। लाखौं घुस खाएर ऋण दिए। उनीहरुलाई त के मतलब किनकि बैंक, वित्तीय संस्थामा भएको पैसा जनताको हो, सञ्चालक, अध्यक्ष, कर्मचारीको होइन। आफ्नो स्वार्थका निम्ति बैंक, वित्तीय संस्थाका पदाधिकारीहरुले जनता डुबाए।

सरकारले पनि आफ्नो मोजमस्तीका लागि विदेशीसँग ३२ खर्ब ऋण लिएको छ। यसको साँवाब्याजमात्र वर्षेनी खर्बौं तिर्नुपर्छ। राज्यको आम्दानी छैन। खर्च निरन्तर बढ्दो छ। विदेशी ऋण नतिरे नेपाल नेपाल रहनेछैन। विदेशीको कब्जामा जानेछ। त्यसमाथि अहिले मुलुक 'ग्रे लिष्ट' मा छ। एक वर्षभित्र यो लिष्टबाट ननिकाले कालोसूचीमा पर्नसक्छ।

यसो भएमा अर्को संकट आउनेछ। विदेशीले ऋण र अनुदान दिँदैन त विदेशमा रहेका नेपालीलाई फिर्ता पठाइन्छ। मुलुक यतिठूलो संकटमा रहँदा सरकार र जनतालाई केही मतलव छैन। सरकार आफ्नै पारामा छ त जनता यो र त्यो पार्टी भनेर बसिरहेका छन्। अब जनताको आँखा खुलोस्। दलको कार्यकर्ता होइन, नेपाली नागरिक हुँ भनेर सोचौं र आवाज उठाऔं।

## छानविन ...

त्यसो गरिएन अर्थात प्रतिवेदन तयारी अवस्थामा भएर पनि सरकारलाई बुझाउने कार्य भएन भन्ने आम बुझाइ छ। त्यसो हुनुमा खासगरी राष्ट्रिय स्वतन्त्र पार्टीमा आवद्ध कतिपय व्यक्तिहरु २४ गतेको ध्वंसमा प्रत्यक्ष रुपमा संलग्न देखिएकाले उनीहरु चुनावमा उम्मेदवार बन्नबाट वंचित हुने अवस्था भएकाले नै प्रतिवेदनलाई सार्वजनिक गर्ने कार्य नभएको भन्ने कुरा आउन थालेको छ। त्यो प्रतिवेदनले नेपाली कांग्रेस, नेकपा (एमाले) लगायतका केही दलका केही नेताहरु पनि उम्मेदवार बन्नबाट वंचित हुन सक्ने अवस्था पनि आउन सक्ने स्थिति पनि देखिएको छ।

यसरी सरकारले निर्वाचनको मुखमा उनीहरुको दोषलाई देखाई दिएको भए आन्दोलनको क्रममा ठूलो संख्यामा ज्यान गुमाएकाहरुको आत्माले शान्ति पाउने थियो। उक्त आन्दोलनका दौरान७४ जनाको मृत्यु भएको भनी सरकारी तवरबाट अभिलेख सार्वजनिक गरिएको थियो। यसैगरी घाइते हुने तथा पीडितका परिवारले पनि दोषी ठानिएका व्यक्तिहरु उम्मेदवार बन्नबाट वंचित हुने अवस्थामा केही मात्रामा राहतको अनुभूति गर्न पाउने अवस्था रहन्थ्यो।

उता, भदौ २४ गते देशमा महत्वपूर्ण संरचनाहरुमा विध्वंश मच्चाउने जथ्थाहरुको पहिचान पनि आयोगले गर्ने थियो। आयोगले दिएको प्रतिवेदनमा दोषी देखिएका ती विध्वंशकारीहरु पनि अहिले उम्मेदवार बन्ने नभई विभिन्न कारागारमा वा कानूनी उपचारमा देखिने अवस्था आउँथ्यो। त्यो अवस्था नआउनुमा वर्तमान सरकारमाथि प्रश्न उठाइने अवस्था आएको छ।

वर्तमान सरकारको प्रमुखमा सुशीला कार्की हुनु हुन्छ। नेपालको इतिहासमै पहिलो महिला प्रधानमन्त्री भनी नाम लेखाउन सफल उहाँ न्यायिक पृष्ठभूमिबाट आउनु भएको हो। उहाँको स्वच्छ छविले पनि उहाँले सही कार्य गर्ने विश्वास गरिँदै आएको हो। यसअघि पनि विभिन्न आयोग बन्ने तथा उनीहरुको प्रतिवेदन सार्वजनिक नहुने अवस्था देखिँदै आएको थियो। त्यस्तो अवस्थाको कार्की स्वयम्ले पनि विगतमा विरोध गर्दै आउनु भएको थियो।

यसैगरी नवयुवाहरुको जगमा बनेको वर्तमान सरकारले सुशासनको कुरा बढी गर्ने गरेको छ। यस्तो सरकारबाट गठित आयोगको प्रतिवेदन लुकाइनुपर्ने अवस्था आउनु हुन्न। यसैगरी समयमै यो प्रतिवेदन नआउँदा अरु प्रतिवेदन जस्तै यो प्रतिवेदन पनि कुनै दराजको कुनामा थन्किने खतरा देखिएको छ।

कुनै पनि कुरा समयमा गरिएन भने त्यसको महत्व एकदमै कम हुन जान्छ। आम रुपमा यो प्रतिवेदन तीन महिनामै आउने अपेक्षा गरिएको थियो। यस्तो अवस्था भने सरकारले गुमाएको छ। सरकारले बेलैमा यसलाई सार्वजनिक गरिदिएको भए सरकारको नियतमाथि शंका पनि हुने थिएन।

यसरी प्रतिवेदन नआउँदा विभिन्न व्यक्तिले आफू अनुकुलको व्याख्या गर्न मिलेको छ। कतिपयले तात्कालिन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीलाई निर्वाचनमा उम्मेदवार बन्ने अवस्था रहोस् भन्ने कुराले लुकाइएको भन्ने गरेका छन्। ओलीलाई उम्मेदवार बन्नबाट रोकिनासाथ यो निर्वाचन नै हुन नसक्ने अवस्था नेकपा (एमाले) ले सिर्जना गर्ने भयका कारण पनि सरकारले यसको समयावधि लम्ब्याउने कार्य गरेको भन्ने उनीहरुको तर्क छ।

यसैगरी कतिपयले भने ती दिनका घटनामा हाल रास्वपामा देखिएका व्यक्तिहरुको संलग्ना खुल्दै जाने भएकाले त्यसलाई सार्वजनिक नगर्ने अवस्थामा सरकार पुगेको भन्ने गरेका छन्। उनीहरुको तर्कलाई ध्यान दिने हो भने रास्वपाबाट उम्मेदवार बनेका कतिपय व्यक्तिहरुले यो निर्वाचनमा भाग नै लिन नपाउने अवस्था रहेकाले त्यसबाट जोगाउनका लागि पनि सरकारले यो कर्म गरेको भन्ने देखिन्छ।

यसरी सर्सर्ती हेर्दा प्रतिवेदन सार्वजनिक नगरिनुमा सरकारको गल्ती देखिने नै गरेको छ। यो सरकारले पनि पहिलेका सरकारले जस्तै आयोग बनाएर झारा टार्ने कार्य मात्र गरेको जस्तो देखाएको छ। त्यसैले वर्तमान सरकारले यसलाई सार्वजनिक नगरेको कुनै स्पष्ट वा चित्तबुझ्दो कारण भए दिनु पर्‍यो, होइन भने सार्वजनिक गर्नु पर्‍यो।

## अग्निपरीक्षामा ...

बुझाइ छ। त्यसैले पनि ओली एमालेको प्रचार प्रसारमा समेत सरिक नदेखिएको टिप्पणी गर्दै ढकाल भन्नु हुन्छ, 'उहाँ पछिल्लो समय आफ्नो निर्वाचन क्षेत्र अर्थात झापा क्षेत्र नं.५ मा मात्र सीमित हुनु भएको छ।'

ओली आफ्नो निर्वाचन क्षेत्रमा सीमित बन्नुपर्ने कारणमा उहाँमाथि उम्मेदवारको प्रभाव तथा दबाब पनि रहेको बताइएको छ। झापा क्षेत्र नं.५ मा यसअघि विजयको माला ओलीले पहिरिनुमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सँगको गठबन्धन कारक रहँदै आएको थियो। राप्रपाको मत पाएर विजयी बन्दै आउनु भएका ओलीलाई यस पटक राप्रपाले समेत साथ नदिएको अवस्था छ।

सबैजसो दलहरु एक्लाएक्लै चुनावी प्रतिस्पर्धामा रहेको अवस्था छ। यस्तो अवस्थामा ओली राप्रपाको समर्थनविहीन बन्दा रानो हराएको मौरीको जस्तो अवस्थामा पुगेको विश्लेषण हुँदै आएको थियो। आफ्नो मतान्तरण बढी रहेको भनी घमण्ड गर्दै आउनु भएका ओलीलाई यस पटकको निर्वाचनमा अन्य प्रतिस्पर्धीहरु दह्रो रुपमा आउँदा सकस स्थिति रहेको बताइने गरेको छ। खासगरी परम्परागत प्रतिस्पर्धी दल नेपाली कांग्रेसले स्थानीय क्षेत्रमा सामाजिक कार्य समेत गर्दै आएकी मन्धरा चिमौरिया पौडेललाई उम्मेदवार बनाएको छ। उहाँको स्थानीयस्तरको लोकप्रीयताले समेत ओलीलाई दबाब दिइरहेको चर्चा छ।

यसैगरी अघिल्लो निर्वाचनमा समेत राम्रै उपस्थिति देखाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले यस पटक चर्चित उम्मेदवार बालेन्द्र (बालेन) शाहलाई त्यहाँ उम्मेदवार बनाएको छ। बालेनको उम्मेदवारीले ओलीलाई झनै बढी दबाबमा पारेको विश्लेषण हुँदै आएको छ। यसअघि काठमाडौं महानगरपालिकाको प्रमुखमा अप्रत्यासित रुपमा जित निकाली राष्ट्रियस्तरमा चर्चामा बालेन पुग्नु भएको थियो। बालेनले काठमाडौं महानगरमा रहँदा धेरै सकारात्मक कार्यहरु गर्न खोज्दा प्रधानमन्त्रीमा आसीन ओलीले पटक पटक अवरोध सिर्जना गरेको भन्ने आम बुझाइ रहेको छ। त्यसैले पनि बालेनले काठमाडौं महानगरपालिकाको प्रमुखबाट राजीनामा गरी झापा क्षेत्र नं.५ मै उम्मेदवारी दिनु भएको हो। बालेन यस पटक रास्वपाबाट उम्मेदवार बनेका कारण पनि सो क्षेत्रमा बढी चर्चा चलिरहेको स्थिति छ।

यसअघिका निर्वाचनहरुमा आफूलाई सुरक्षित ठानेर ओली देशव्यापी रुपमा प्रचार प्रसारमा हिंड्ने गर्नु हुन्थ्यो। यस निर्वाचनमा भने ओली आफ्नो निर्वाचन क्षेत्रमै खुम्चिनु परेको बताइएको छ। विगतका निर्वाचनमा महाराज शैलीमा बसी अरुलाई खटाउँदै आउने ओली यस पटक भने हात जोड्दै गाउँ गाउँ मत माग्दै हिंडेको दृष्यहरु देखिँदै आएका छन्। यसैगरी नवयुवा (जेन-जी) हरुको विद्रोहपछि पनि आफू नै एमालेको अध्यक्ष बनेको अवस्थामा ओलीको आलोचना बढी भैरहेको स्थिति छ।

सोही कारण पनि ओलीलाई अन्य क्षेत्रका उम्मेदवारहरुले भाषणका लागि पनि आमन्त्रण नगरेको बताइएको छ। 'ओलीको तस्वीरविना एमालेको प्रचार भैरहेको छ। एमालेले ठूला आमसभा पनि गर्न चाहेको छैन। त्यस्ता आमसभामा ओलीलाई आमन्त्रण गर्दा नतिजा झनै नकारात्मक अवस्थामा पुग्ने पो हो कि भन्ने त्रासमा एमाले तथा एमालेका उम्मेदवारहरु रहेको जस्तो देखिएको छ।' विभिन्न जिल्लामा अनुगमन गरी काठमाडौं फर्किनु भएका अधिवक्ता चन्द्रप्रसाद लुइँटेलले आफ्नो धारणा 'नयाँ विमर्श' सँग राख्दै भन्नु भयो। उहाँका अनुसार जेन-जी विद्रोहका कारण एमाले र ओलीप्रतिको आकर्षण घटेको देखिएको भनी जिल्ला जिल्लाका मतदाताले भन्ने गरेका छन्।

उता, निर्वाचनको मिति नजिकिएसँगै सबैभन्दा ठूलो दल नेपाली कांग्रेस र यसअघिको निर्वाचनमा भाग लिइसकेको रास्वपा भने निर्वाचनलाई लिएर उत्साहित बनेका छन्। कांग्रेसमा विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्वमा नयाँ पदाधिकारीहरु आएका कारण कांग्रेस बदलिएर आएको भनी कांग्रेसजनमा उत्साह थपिएको छ। १६५ प्रत्यक्ष उम्मेदवारहरुमध्ये १०६ जना त नयाँ उम्मेदबार बनाई थापाले कांग्रेसको टिकट दिएका कारण कांग्रेसबाट खस्किने मत जोगिएको विश्लेषण गरिँदै आएको छ। त्यसो त कांग्रेसले थापालाई भावी प्रधानमन्त्रीको रुपमा प्रचार गर्दै आएबाट उहाँलाई प्रधानमन्त्री बनाउनका लागि पनि आफ्नो क्षेत्रबाट कांग्रेसका उम्मेदवारहरुलाई जिताएर पठाउनुपर्ने अवस्था भनी कांग्रेसजनले भन्दै आएका छन्।

यसैगरी बालेनको आगमनबाट रास्वपामा नयाँ उत्साह जागेको बताइएको छ। रास्वपाका सभापति रवि लामिछाने विभिन्न मुद्दामा अल्झिएर रहेको अवस्थामा बालेनको आगमनले रास्वपामा रक्तसंचार भएको चर्चा छ। त्यसो त रास्वपाले पनि बालेनलाई भावी प्रधानमन्त्रीको रुपमा चर्चामा ल्याएको छ। बालेन कम बोल्ने भएकाले उहाँका कुराहरु बाहिर नआएको भनी आमजनताले उहाँ प्रधानमन्त्रीका लागि लायक हो कि होइन भनी टिप्पणी गरिहाल्न नमिल्ने अवस्था रहेको भन्ने गरिन थालिएको छ।

पुराना दलहरुले केही राम्रो नगरेको, सुशासन नभएको जस्ता नाराहरु सहित रास्वपा निर्वाचनमा गएको बताइएको छ। आफूलाई नयाँ र परिवर्तनकारी भन्दै रास्वपा निर्वाचनमा होमिएको छ। आफूलाई नयाँ बताउँदै रास्वपाले प्रचार गर्ने गरे पनि अघिल्लो आम निर्वाचनमा भाग लिइसकेको तथा दुई पटक सरकारमा गैसकेको भनी रास्वपा पनि पुरानै रहेको भनी आलोचना पनि भैरहेको बताइन्छ।

## कांग्रेस ...

उहाँले आगामी दिनमा पनि क्षेत्रका विकासका मुद्दाका साथै देशलाई समृद्धितर्फ लैजान इमान्दारिताका साथ लागि पर्ने प्रतिबद्धता जनाउँदै अबको विकल्प पनि बदलिएको कांग्रेस नै रहेको बताउने गर्नु भएको बताइएको छ।

# सुनसरी २ नं. क्षेत्रमा चुनावीसभा

पिएमणी भट्टराई




सुनसरी/नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले सुनसरी २ नं. क्षेत्रका उम्मेदवार राजिव कोइरालालाई भारी मतले जिताउन मतदाताहरुलाई आग्रह गरेका छन्।

मंगलबार रामधुनीको झुम्का बजारमा २ नं. क्षेत्रीयसभालाई सम्वोधन गर्दै शर्मालेकोइरालासहित कांग्रेसको पक्षमा बहुमतको सरकार बनाउनुपर्ने आवश्यकता रहको बताए। चुनावको संगीन घडीमा उनले कार्यकर्ताहरुलाई आफ्ना छिमेकी, टोल, वार्ड र आफ्नो क्षेत्रमा केन्द्रित भई प्रचार प्रसार गर्न आग्रह गरे। भाषणमा होइन विचारको प्रतिस्पर्दा गर्ने हो। झुटा आश्वासन र खोक्रा भाषणले देशको समस्याको समाधान दिँदैन भन्दै शर्माले भने पाँच बर्षको स्थायी सरकार बनाउने र देशका तमाम समस्याहरुको निराकरण गर्ने काँग्रेसको उद्देश्य रहेको छ भने।

'देशलाई बदल्छौं, कांग्रेस बदलिएको छ। अब शिक्षाको सुधार, सामाजिक सुधार र सुशासन गगन थापाको नेतृत्वको सरकारले गर्ने छ' शर्माले भने।

यसैगरी चुनावीसभामा उम्मेदवार कोइरालाले भने,'म यहि माटोमा जन्मेको, हुर्केको हुँ। यो क्षेत्र मेरो कर्मभूमि हो। यहाँको विकास निमार्ण गर्ने मेरो दायित्व भित्र पर्छ। केन्द्रीय राजनीतिमा मेरो भूमिका दीर्घकालिन रुपमा नै हुनेछ। मलाई यो पटक तपाई मतदाताहरुले भारी मतले जिताउन आग्रह गर्दै।'

# रसुवाका एमालेका सल्लाहकार कांग्रेसमा

रसुवा/ नेकपा (एमाले) को बागमती प्रदेश सल्लाहकार कमिटी सदस्य मानकाजी ग्याबा पार्टीभित्रको चरम असन्तुष्टि व्यक्त गर्दै नेपाली काँग्रेसमा प्रवेश गरेका छन्। उनलाई काँग्रेसका केन्द्रीय सदस्य रसुवाको उम्मेदवार ई.मोहन आचार्यले खादा लगाएर स्वागत गरे।



ग्याबा पूर्वजिल्ला कमिटी सदस्य तथा निर्वाचित पूर्व वडाध्यक्ष समेत हुन् ।पार्टीमा लामो समयदेखि योगदान पुर्‍याउँदै आएको तर हाल पार्टीभित्र चरम व्यक्तिवादी हाबी भैं योगदानको मूल्याङ्कन नभएकोले आफू पार्टीमा रहन नसकेको भनी उनले बताए। जेन्जी आन्दोलनपश्चात् काँग्रेसले विशेष महाधिवेशन गरी पार्टीलाई नयाँ ढङ्गबाट रूपान्तरण गरी आएकोले आफू काँग्रेसमा प्रवेश गरेको स्पष्ट पारे।

# पर्साका दुई हजारभन्दा बढी कांग्रेसमा

सर्लाही/ पर्सा गाउँपालिकामा नेपाली कांग्रेस प्रवेश कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ। सर्लाही क्षेत्र नं.२ अन्तर्गतको उक्त कार्यक्रममा विभिन्न राजनीतिक दल परित्याग गरी करिब दुई हजारभन्दा बढी नेता-कार्यकर्ता र समर्थक कांग्रेसमा प्रवेश गरेका हुन्। कार्यक्रममा पर्सा गाउँपालिकाका सभापति उपेन्द्र यादव विशिष्ट अतिथि तथा नगेन्द्र कुमार प्रमुख अतिथिको रूपमा उपस्थित थिए। कांग्रेसका केन्द्रीय सदस्य सुनील कुमार यादवको विशेष सहभागिता रहेको थियो। कार्यक्रममा पर्सा गाउँपालिकाका पूर्वअध्यक्ष किसुनदेव यादव तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)बाट उप-प्रमुखका प्रत्याशी रहेकी किरण देवी यादवसहित ठूलो संख्यामा नेता-कार्यकर्ता कांग्रेसमा प्रवेश गरेका हुन्। नवप्रवेशीहरूलाई पार्टी नेतृत्वले खादा ओढाएर तथा सदस्यता प्रदान गर्दै स्वागत गरेको थियो।

# रास्वपा सभापति ठकुरी कांग्रेसमा प्रवेश

हेटौंडा/ राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) नवलपरासीकासभापति महेन्द्र सिंह ठकुरी नेपाली कांग्रेसमा प्रवेश गर्नु भएको छ।कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माको हातबाट ठकुरीले कांग्रेसको सदस्यता लिनु भएको हो।

नवलपरासी बर्दघाटको चौपतामा भएको चुनावी सभामा ठकुरीले कांग्रेसमा प्रवेश गर्नु भएको हो। त्यस अवसरमा ठकुरीले कागजी बाघ रास्वपा छोडेर असली बाघ कांग्रेस रोजेको बताउनु भयो।

ठकुरी रास्वपाका संस्थापक जिल्ला सभापति हुनु हुन्थ्यो।ठकुरीले २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा



१२,४९९ मत प्राप्त गर्नु भएको थियो।चुनावको मुखमा उहाँको कांग्रेस प्रवेशले रास्वपालाई धक्का लागेको तथा कांग्रेसलाई राम्रै लाभ मिल्ने बताइन्छ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly




# ‘रमिताको पिरती’ को प्रदर्शनी जारी







काठमाडौं/चलचित्र ‘रमिताको पिरती’ लाई तत्कालको लागि प्रदर्शनीको लागि मार्ग प्रशस्त भएको छ। पाटन उच्च अदालतले यसमाथि दायर मुद्दामा सुनुवाइ गर्दै तत्काल अन्तरिम आदेश दिनु नपर्ने ठहर गरेपछि यस्तो अवस्था आएको हो ।

न्यायाधीश लालबहादुर कुँवरको एकल इजलासले चलचित्र विकास बोर्ड र चलचित्र निर्माता कम्पनी शिरो फिल्म्स् प्रा.लि.लाई बाटोको म्याद बाहेक १५ दिनभित्र लिखित जवाफ पेश गर्न आदेश दिएपछि यो चलचित्र प्रदर्शनीमा आउने भएको हो।

केन्द्रीय चलचित्र जाँच समितिबाट जाँच भैसकेकाले तत्काल अन्तरिम आदेश जारी गर्नु नपर्ने अदालतको ठहर छ। सोमबार निवेदनकर्ताका तर्फबाट अधिवक्ताद्वय सृष्टि भट्ट र लक्ष्मी तामाङले बहस गरेका थिए।

ती दुबैजना अधिवक्ताले उक्त चलचित्रले पुरुषप्रति घृणा फैलाएकाले प्रदर्शनमा रोक लगाउन माग गर्दै अदालतमा रिट दायर गरेका थिए। चलचित्र विकास बोर्ड, निर्माता कम्पनी शिरो फिल्म्स प्रा.लि., कार्यकारी निर्मात्री अन्नपूर्ण शर्मा (आना शर्मा), लेखक सुदीप्ता अधिकारी र निर्माता सागर लम्सालालाई विपक्षी बनाइएको थियो।

‘रमिताको पिरती’ अहिले हलमा प्रदर्शन भैरहेको छ। अदालतको अन्तिम फैसला आउन्जेलमा उस्तै परे चलचित्रले आफ्नो व्यापार गरी सकेको हुने बताइएको छ।

# सेजलले ‘मिस इको इन्टरनेशनल २०२६’ नेपालको प्रतिनिधित्व गर्ने




काठमाडौं। इजिप्टमा आयोजना हुने प्रतिष्ठित अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता ‘मिस इको इन्टरनेशनल २०२६’मा नेपालको प्रतिनिधित्व सेजल राजभण्डारीले गर्ने भएकी छन् । ग्रीन आर्ट मिडियाले सिजेललाई ‘मिस इको इन्टरनेशनल नेपाल २०२६’को ताज पहिर्याउँदै उक्त प्रतियोगीताका लागि आधिकारिक प्रतिनिधि चयन गरेको हो ।

बिहिबार अबेर साँझ द हाइट रेस्ट्रो एण्ड वेलनेस, महाराजगञ्जमा आयोजित एक विशेष कार्यक्रमका बीच सेजललाई गत बर्षकी (मिस इको इन्टरनेशनल नेपाल २०२५) विजेता संस्कृति भट्टले ‘मिस इको इन्टरनेशनल २०२६’ ताज पहिर्याएकी थिइन् ।

ताज लगाएपछि सेजलले यसलाई आफ्नो जीवनको एक महत्वपूर्ण अवसर भएको बताइन् । आफूलाई यो अवसर प्रदान गरेकोमा ग्रीन आर्ट मिडियाप्रति आभार व्यक्त गर्दै उनले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको मौलिक संस्कृति र पर्यटकीय स्थलहरूको विश्वमाझ प्रचारप्रसार गर्ने प्रतिबद्धता जनाइन् ।

आगामी अप्रिलमा आयोजना हुने प्रतियोगीतामा ७५ भन्दा बढी देशका ‘इको सुन्दरी’हरूको सहभागिता रहनेछ, जहाँ सेजल नेपालको तर्फबाट एक्लो प्रतिनिधिको रूपमा उभिनेछिन् । प्रतियोगीताका लागि सेजललाई ग्रीन आर्ट मिडियाकी प्रबन्ध निर्देशक तथा अन्तर्राष्ट्रिय कोरियोग्राफर अनिला श्रेष्ठलगायत नेपालका प्रतिष्ठित व्यक्तिहरूबाट विशेष ग्रुमिङ (प्रशिक्षण) दिइनेछ । श्रेष्ठ २०१५ देखि नै प्रतियोगीताका लागि नेपालको लागि आधिकारिक राष्ट्रिय निर्देशकको रुपमा छानिएकी हुन् ।

वातावरण र पर्यटन प्रवर्द्धन गर्ने मुख्य उद्देश्यका साथ ‘ब्युटी फर इको’ नारासहित एल.टी.सि.पि.अर्गनाइजेशनले सन् २०१५ बाट इजिप्टमा यो प्रतियोगिता सुरु गरेको हो । विश्वभरका पर्यावरण र संस्कृतिलाई अन्तर्राष्ट्रिय नेटवर्कमार्फत सूचना प्रवाह गर्नु यसको मुख्य लक्ष्य रहेको ग्रीन आर्टस मिडियाका सिइयो प्रविन लाकौलले जानकारी दिए ।

# अस्ताए लोकगायक कमल विके

काठमाडौं/ लोकगायक तथा सञ्चारकर्मी कमल विके निर्मोहीको निधन भएको छ। उनी विगत केही वर्षदेखि मिर्गौला सम्बन्धी समस्याका कारण अस्वस्थ रहँदै आएका बताइएको छ। परिवारजनका अनुसार उनको मंगलबार साँझ निधन भएको तथा बुधबार अन्त्येष्ठी गरिएको थियो।



‘त्यो माडी खोलाले छेकेको हैन, मलाई छेक्यो मायालु तिमै मायाले ......’ उनले बोलको गीत निकै लोकप्रिय बनेको थियो।दाङमा जन्मिएका निर्मोही पछिल्लो समय नेपालगञ्ज बस्दै आएका बताइएको छ। उनी रेडियो नेपालका पूर्व कर्मचारी समेत थिए। रेडियो नेपालमा उनका दर्जनौं गीत रेकर्ड भएका गायिका कोमल वलीले जानकारी दिइन्। उनका ‘लाग्यो माया मोहनी नजरमा .....’, ’पोखरामा क्या राम्रो रूपाताल, डुंगा चढी सलल मायाजाल ......’ लगायतका थुप्रै गीत चर्चित छन्।

उनले केही लोकपप र आधुनिक गीतमा समेत श्वर दिएका बताइएको छ। उनका परिवारमा एक छोरा र दुई छोरी छन्। करिब एक महिनाअघि उनकी पत्नीको समेत दुःखद निधन भएको बताइएको छ।

# सिड्नीमा ‘होली धमाका’ हुँदै

अष्ट्रेलिया/ अष्ट्रेलियाको सिड्नीमा ‘होली धमाका’ आयोजना हुने भएको छ। २८ फेब्रुअरी अर्थात भोलि शनिबार ग्रानभिल पार्कमा होली हंगामा हुने अर्बन नेप्लिज कम्युनिटीका अध्यक्ष अरुणचन्द्र श्रेष्ठले जानकारी दिएका छन्।




रङको चाड होली मनाउन आउनेमध्येका भाग्यशाली विजेताले इन्डोनेसियाको बाली जान २ वटा टिकट पाउने व्यवस्था मिलाइएको श्रेष्ठले जानकारी दिए। होलीको कार्यक्रममा निःशुल्क प्रवेशको व्यवस्था गरिएको जानकारी दिंदैश्रेष्ठलेसिड्नी होली धमाकामा करन भट्ट, डिजे नटकेस, मुक्ति एण्ड रिवायलका ड्रमर निखिल तुलाधर लगायत स्थानीय कलाकारले प्रस्तुतिहरू दिने जानकारी पनि उनले दिए।


प्रवासी जीवनको ब्यस्तता र समयको अभावका कारण पनि प्रवासी नेपाली रंगको पर्व मनाउनलाई होली धमाका आयोजना गरिएको उनले बताएका छन् ।नेपालीजनले प्रवासमा रहेर पनि आफ्नो कला र संस्कृतिलाई नभुलुन् भनेर यस्ता पर्वलाई निरन्तरता दिनु परेको उनको भनाइ छ।




## मतदान किन गर्ने ?

❖ लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन ।
❖ योग्य जनप्रतिनिधिको छनौट गर्न ।
❖ नागरिक कर्तव्य निर्वाह गर्न ।
❖ जनतामा नीहित सार्वभौमसत्ताको प्रयोग गर्न ।
❖ निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गर्न ।
❖ असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न ।

नेपाल सरकार
विज्ञापन बोर्ड




Chief-Editor/Publisher : **Koushal Kumar Bhattarai,** Editor : **Krishna Lamsal** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel**
Chief Reporter: R. Aryal, International News Coordinator: S. Bhattarai,, I.T. Chief: Spandan Bhattarai, Computer Designer: Roshan Gyewali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- **977-1-5367064**, Email : **nayabimarsha@gmail.com**